# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय र सामाजिक वस्तु भएको कारण भाषाको आर्जन व्यक्तिले समाजबाट गर्छ र सामाजिक सम्पर्क स्थापना र वृद्धि गर्न यसको उपयोग पनि समाजमै गर्छ । भाषाका मौखिक र लिखित दुई माध्यम हुन्छन् । मौखिक माध्यम उच्चार्य र श्रव्य प्रक्रियामा आधारित हुन्छ र यसको प्रयोग वक्ता र श्रोताको सामीप्यमा हुन्छ । भाषाको वास्तविक रूप मौखिक नै हो तर विभिन्न कारणले गर्दा मानव समाजमा लिखित भाषाको पनि प्रयोग हुन्छ । लेख्य भाषा श्रव्यात्मक नभई दृश्यात्मक हुन्छ । त्यसैले यसमा वक्ता र श्रोताको सामीप्य चाहिँदैन । यसबाट मानवीय विचार र भावनाहरूलाई सङ्ग्रह गरेर कालान्तर सम्म राख्न सकिन्छ (पौडेल, २०७४, पृ. १) ।

मानिस जन्मेपछि हुर्कदै र बढ्दै जाने क्रममा भाषाका सिपहरू हासिल गर्ने गर्दछ । भाषाका चारैओटा सिप (सुनाइ, बोलाइ, पढाइ लेखाइ) एक अर्कासँग अन्तर्सम्बन्धित भएर रहेका छन् । यी विभिन्न सिपहरूमध्ये सुनाइ र पढाइलाई बोध अथवा ग्रहण क्षमताको रूपमा लिइन्छ भने बोलाइ र लेखाइ सिपलाई अभिव्यक्ति क्षमताको रूपमा लिइन्छ । लेख्य चिह्नका माध्यमबाट विचार प्रकटीकरण गर्न लेखाइ सिपको महत्त्वपूर्ण भूमिका रहन्छ । यसरी लेखाइ सिप विकास गर्ने विभिन्न तरिकामध्ये वादविवाद लेखन पनि एक महत्त्वपूर्ण पद्धति हो ।

वादविवाद रूपक विधाकै एक उपविधा हो । कुनै विषयमा पक्ष र विपक्ष भएर आ-आफ्नो तर्कहरू प्रस्तुत गर्ने कार्यलाई वादविवाद भनिन्छ (लामिछाने, २०६७, पृ. १८८) । यो एकाङ्की र संवादभन्दा फरक, तार्किक र बौद्धिक खालको हुन्छ । वादविवाद औपचारिक र अनौपचारिक दुई तरिकाले गर्न सकिन्छ । वादविवाद भाषाको मौखिक कलासँग सम्बन्धित पक्ष हो तर परीक्षामा चाहीँ यसको परीक्षण लिखित रूपमै हुन्छ । त्यसैले वादविवादले मौखिक अभिव्यक्तिलाई तिखार्नुका साथै बोल्न र लेख्न लगाइने हुनाले यसले लेखाइ सिप समेत तिखार्ने काम गर्दछ । वादविवाद वाचन गराउँदा अर्थात लेखाउँदा निश्चित समय

सीमा, निर्णायक मण्डल, अङ्क विभाजनका बारेमा राम्रोसँग विद्यार्थीहरूलाई जानकारी गराउनुपर्दछ ।

भाषाका चारओटा सिप (सुनाइ, बोलाइ, पढाइ लेखाइ) एक अर्कासँग अन्तरसम्बन्धित भएर रहेका हुन्छन् । यी विभिन्न सिपहरूमध्ये सम्प्रेषणका लागि बोलाइ र सुनाइबाट सर्वप्रथम काम चलाइन्छ । त्यसपछि मात्र पढाइ र लेखाइले काम चलाइएको हुन्छ । भाषिक पढाइ र लेखाइ सिपले अभिव्यक्तिलाई पौढता प्रदान गरी चिरस्थायी बनाउने गर्दछ । वादविवादको कार्यकलाप बोलाइ सिप तथा वक्तृत्वकला सिप विकास गर्ने उद्देश्यले गराइन्छ भने वादविवाद लेखन कार्यकलाप लेखाइ सिप विकास गर्ने उद्देश्यले गरिन्छ ।

वादविवाद लेखनको निम्ति सान्दर्भिक विचारको शृङ्खलाबद्ध भाषिक अभिव्यक्तिको आवश्यकता पर्दछ । वादविवाद पक्ष र विपक्षका तर्कवितर्क दिएर लेखिन्छ । वादविवादमा मौखिक र लिखित रूप एकअर्कामा परिपूरकका रूपमा रहेका हुन्छन् । वादविवादबाट मौखिक तथा लिखित रूपको विकास गर्न सकिन्छ । वादविवाद लेखन पनि लेखन सिप विकासको एउटा महत्त्वपूर्ण कार्यकलाप हो । वादविवाद लेखनबाट विद्यार्थीहरूको बौद्धिक र तार्किक लेखन क्षमताको स्तर पत्ता लगाउन सकिन्छ । त्यसकारण दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्तर पत्ता लगाउनका लागि दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन शीर्षकमा केन्द्रित भएर शोधपत्र तयार पार्न लागिएको हो ।

## १.२ समस्याकथन

विद्यालय तहका भाषा पाठ्यपुस्तकमा वादविवाद राखिनुको मूल प्रयोजन विद्यार्थीहरूलाई विवादात्मक लेखन तथा मौखिक क्षमताको सक्षमतातिर डोहोऱ्याउनु, तर्कपूर्ण भनाइलाई अरू समक्ष पुऱ्याउनु र बौद्धिक विकास गराउनु हो । अहिले निजी तथा सामुदायिक विद्यालयबिच शिक्षाको ठूलो खाडल देखापरेको पाइन्छ । अहिले सम्म आइपुग्दा वादविवाद लेखन अभिव्यक्ति क्षमताको अध्ययन भए पनि दाङ जिल्लामा केन्द्रित रहेर अध्ययन अनुसन्धान नभएको अवस्थामा सामुदायिक र निजी विद्यालय बिचको तुलनात्मक अध्ययन अनुसन्धान हुन आवश्यक देखिन्छ । विशेष गरी विद्यार्थीहरूमा वादविवाद सम्बन्धी लेखनको अभ्यास गराएमा उनीहरूको बौद्धिक तथा तार्किक क्षमताको बिकास हुन्छ । यही

उद्देश्यले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवादात्मक लेखन क्षमताको अध्ययन गर्न थालिएको हो । यस शीर्षकसँग सम्बन्धित समस्याहरू निम्नानुसार रहेका छन् :

क) दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता के कस्तो रहेको छ ?

ख) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो रहेको छ ?

ग) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो देखिन्छ ?

घ) भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो देखिन्छ ?

## १.३ शोधका उद्देश्यहरू

प्रस्तुत शोधको प्रमुख उद्देश्य दाङ जिल्लाका निम्न माध्यमिक विद्यालयअन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गर्नु रहेको छ भने यही उद्देश्यसँग सम्बन्धित भएर निम्न सहायक उद्देश्यहरू यस शोधकार्यमा आएका छन् :

क) दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पत्ता लगाउनु,

ख) विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु,

ग) लैङ्गिकताका आधारमा उक्त विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक स्थितिको अध्ययन गर्नु,

घ) भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक स्थितिको अध्ययन गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपयोगिता

साहित्यका विभिन्न विधाहरूमध्ये रूपक विधाअन्तर्गत वादविवादलाई लिन सकिन्छ । यसले सिर्जनात्मक तथा तार्किक क्षमताको विकास गर्न सहयोग पुऱ्याउँछ । यसलाई स्वतन्त्र

विधाका रूपमा लिने गरिन्छ । साहित्यका विभिन्न विधामध्ये स्वतन्त्र विधा अन्तर्गत रहेको वादविवादले छुटै विधाको रूपमा आफूलाई परिचित गराउन सफल भएको छ । अहिलेको बदलिदो परिवेशसँगै परिमार्जित र संशोधित पाठ्यक्रममा यसलाई समेटिएको छ । विद्यार्थीहरूले भाषाका माध्यमबाट विचारहरूलाई उत्कृष्ट बनाउँदै विपक्षका तर्कको खण्डन गर्ने आफ्ना तर्कहरू स्पष्टसँग राख्ने निश्चित समयावधि भित्र रहेर तोकिएको विषयमा तयार गर्ने, लिखित अभिव्यक्ति तर्फ विद्यार्थीहरूलाई जागरुक बनाउने कार्यमा वादविवाद लेखनले सहयोग पुऱ्याएको पाइन्छ । धेरै जसो विद्यार्थीले आफ्नो भाषिक प्रयोगलाई शुद्ध बनाउन सकिरहेका छैनन् । बोलाइ र लेखाइमा अशुद्धता क्रमहीनताहरू धेरै मात्रामा रहेका छन् । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले वर्णविन्यास, विराम चिन्हहरूको प्रयोग, वाक्य गठन क्षमताको प्रयोग, किनारा छोडाइ, अनुच्छेद गठन भाषिक सिलसिला आदि कुरामा त्रुटि गर्छन् । यस्ता समस्यालाई समाधान गर्नु आवश्यक देखिन्छ । यस कार्यमा भाषा शिक्षकहरू सजग र सचेत भएर लाग्नु आवश्यक छ । यसबाट नेपाली भाषा अध्यापन गर्ने शिक्षकहरूलाई त्रुटि विश्लेषण गरी शिक्षण गर्न सघाउ पुगेको छ । विद्यार्थीमा रहेका लेखाइ सम्बन्धी त्रुटिका आधारमा विद्यार्थीको लेखाइ सिपमा देखिने भिन्नताको पहिचान गरी शिक्षण गर्न यसबाट सघाउ पुगेको छ । मौलिक र सिर्जनात्मक क्षमताको तुलनात्मक अध्ययन गर्ने जो कोहीलाई पनि सघाउ पुगेको छ । वादविवादको मूल्याङ्कन गर्ने शिक्षकलाई यसको तरिकाको बारेमा जानकारी दिई सरकारी र निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको लेखाइ सिप र क्षमताको पहिचान गर्न सहयोग पुगेको छ । तसर्थ यसको औचित्य अझ स्पष्ट देखिन्छ ।

## १.५ सीमाङ्कन

यस अध्ययनको सीमाङ्कन निम्नानुसार गरिएको छ :

(क) प्रस्तुत अध्ययन शैक्षिक सत्र २०७५ मा दाङ जिल्लाका पाँचवटा सरकारी र पाँचवटा निजी विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

(ख) प्रत्येक विद्यालयबाट १०/१० जना गरी जम्मा १०० जना विद्यार्थीहरू नमुना छनोटमा रहेका छन् ।

(ग) भाषिक पृष्ठभूमि, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ ।

(घ) यो अध्ययन विद्यार्थीहरूको वादविवाद लेखन क्षमतामा मात्र केन्द्रित रहेको छ ।

(ङ) अध्ययनको निष्कर्ष आफूले गरेका अध्ययनबाट प्राप्त तथ्याङ्कका आधारमा मात्र निकालिएको छ ।

## १.६ शोधको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि तथा प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन

अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन

अध्याय छ : लैङ्गिकताको आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन

अध्याय सात : भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन

अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा अवधारणात्मक ढाँचा, व्याख्या विश्लेषण र निष्कर्ष लेखनका लागि आवश्यक पर्ने ज्ञान, विधि र प्रक्रियाको पृष्ठपोषण प्राप्त गर्न सम्बन्धित पूर्वकार्यको समीक्षा गरिएको छ । उक्त पूर्वकार्यको समीक्षालाई पुस्तक समीक्षा र शोध समीक्षा गरी छुट्टाछुट्टै उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

### २.१.१ पुस्तक समीक्षा

अधिकारी र भट्टराई (२०६१) द्वारा *प्रयोगात्मक नेपाली शब्दकोश*मा वादविवादलाई यसरी चिनाएका छन् : कुनै पक्ष र विपक्षको समूहमा बाँडिएर खास विषयमा एक अर्काको तर्कको खण्डन गर्दै गरिने छलफल, तर्क वितर्क, बहस आदिका माध्यमबाट आफ्ना पक्षलाई उत्कृष्ट सिद्ध गर्न खोज्ने मौखिक अभिव्यक्तिको भाषिक सिपका रूपमा वादविवादको सामान्य परिभाषा प्रस्तुत गर्दै यसअन्तर्गत वादिववाद प्रतियोगितालाई लिइन्छ ।

लामिछाने (२०६७) द्वारा *नेपाली भाषा शिक्षण परिचय* नामक पुस्तकमा रूपक विधाअन्तर्गत अन्य उपविधाहरू छुट्याएर वादविवादको चर्चा गरिएको छ । जसमा कुनै विषयको पक्ष र विपक्षमा आ-आफ्ना तर्कहरू प्रस्तुत गर्ने काम हुन्छ । कुनै निश्चित शीर्षक दिएर त्यसका बारेमा वादविवाद कार्य गरिन्छ । यसमा लेख्दा वा बोल्दा पक्ष र विपक्ष भई आ-आफ्ना तर्कहरू प्रस्तुत गर्ने काम हुन्छ । यसमा लेख्दा वा बोल्दा पक्ष र विपक्ष भई आ-आफ्ना तर्कहरूले स्थान पाऊन् भन्ने धारणा राख्दै स्वस्थ ढङ्गबाट विपक्षीका तर्कहरूको खण्डन गरिन्छ । भाषा पाठ्यपुस्तकमा वादविवाद राखिनुको मूल प्रयोजन विद्यार्थीहरूलाई विवादात्मक अभिव्यक्तिमा सक्षम बनाउनु हो भनी चर्चा गरिएको छ ।

ढकाल (२०६८) द्वारा तयार पारिएको *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूको चर्चा पाइन्छ । यसमा लेखन सिपको महत्त्व, आवश्यकता, औचित्य, लेखाइमा पाइने कमीकमजोरी त्रुटिका क्षेत्रहरू, लेखाइ शिक्षणका कार्यकलाप लेखाइको शुद्धीकरण, आभ्यासिक र निर्देशित लेखन शिक्षणका क्रममा समेत विचार

पुऱ्याउनुपर्ने कुराको उल्लेख गरिएको छ । यस पुस्तक प्रस्तुत शोधकार्यको लागि उपयोगमा ल्याउन सकिएको छ ।

भट्टराई (२०६८) द्वारा लिखित *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग* नामक पुस्तक प्रस्तुत शोधपत्रका लागि उपयोगी पुस्तक मानिन्छ । यस पुस्तकमा भाषा शिक्षणको सैद्धान्तिक परिचय, भाषिक अनुसन्धानका सामान्य विधि, भाषिक, अनुसन्धानका विशेष विधिहरू, भाषिक सामग्री सङ्कलन, निर्माण र मानकीकरण, भाषिक अनुसन्धान साङ्ख्यिकी त्यसको प्रयोग, भाषिक अनुसन्धान प्रस्तावका लागि शोधशीर्षक चयन अनुसन्धान प्रतिवेदन जस्ता पक्षहरू विभिन्न शीर्षक उपशीर्षकमा समावेश गरिएको पाइन्छ । जसलाई मेरो प्रस्तुत शोधको लागि उपयोगी पुस्तक मानिएको छ ।

पौडेल (२०७० क) द्वारा *नेपाली भाषा शिक्षण परिचय* नामक पुस्तकमा वादविवादको चर्चा गरिएको छ । यसमा वादविवाद मौखिक अभिव्यक्ति कला विकासको उच्च स्तरीय र महत्त्वपूर्ण कार्यकलाप हो । तार्किक अभिव्यक्ति क्षमता विकासका लागि प्रभावकारी मानिने यस कार्यकलापका माध्यमले अरूका कुरा ध्यान दिई सुन्ने र आलोचनात्मक दृष्टिले खण्डन गरी आफ्ना तर्क प्रस्तुत गर्ने अवसर विद्यार्थीले पाउँछन् भनी वादविवादको चर्चा गरिएको छ । जसमा वादविवादका शिक्षण प्रयोजन र प्रक्रियाको बारेमा समेत उल्लेख गरिएको छ ।

पौडेल (२०७० ख) द्वारा *भाषिक विधा शिक्षण* नामक पुस्तकमा रूपक विधा शिक्षणअन्तर्गत वादविवाद शिक्षणको चर्चा गरिएको छ । यसमा वादविवाद मौखिक अभिव्यक्ति क्षमता विकासमा मद्दत पुऱ्याउने अभिनयकेन्द्री उपविधा हो । यो संवाद भन्दा बढी औपचारिक, बौद्धिक र तार्किक किसिमको हुन्छ । साथै यसमा संवादमा जस्तो सहमति र हार्दिकताको अभाव हुन्छ र आधानमूलक कथल कलाप्रति बढ्ता झुकाब देखिन्छ । कुनै पनि विषय वा पक्षको सूक्ष्म अध्ययन गरी तार्किक र बौद्धिक पुष्ट्याइ गर्ने र घतलाग्दो तथा युक्तियुक्त विमति  जनाउने अभिव्यक्ति कलाको विकास नै वादविवादको मुख्य ध्येय रहेको हुन्छ । वादविवाद शिक्षण गर्दा स्तरयुक्त विषयमा प्रतियोगिता सञ्चालन गर्ने, स्तरयुक्त विभिन्न विवादात्मक विषयमा समर्थन वा खण्डनमा मौखिक अभ्यास गराउने, गृहकार्यको रूपमा लिखित अभ्यास गराउने र स्वतन्त्र ढङ्गका वादविवाद रचना गर्ने जस्ता कार्यकलाप क्रमशः  गराएमा राम्रो हुन्छ भनी वादविवादको चर्चा गरिएको छ ।

ढकाल र खतिवडा (२०७५) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा लेखन कला विकासका कार्यकलापअन्तर्गत वादविवादलाई राखि वादविवादको सामान्य चर्चा गरिएको छ। जसमा वादविवाद लेखनबाट लेखाइ सिपको विकास गर्न सकिने कुरामा जोड दिएको छ।

उल्लिखित पुस्तकहरूबाट शोधकार्य सम्पन्न गर्ने क्रममा अवधारणात्मक ढाँचा तयार गर्न तथा उत्तरपुस्तिका परीक्षण गर्ने कार्यमा सहयोग पुगेको छ।

### २.१.२ शोधकार्यको समीक्षा

पोखेल (२०६९) द्वारा *कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको वादविबाद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधको उद्देश्य प्यूठान जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गर्नु , सामुदायिक र निजी विद्यालयमा अध्ययनरत कक्षा दशका छात्र र छात्राहरूको वादविवाद लेखन क्षमताको अध्ययन गर्नु, वादविवाद लेखनसम्बन्धी के कस्ता कमीकमजोरीहरू छन् ती पत्ता लगाउनु र वादविवाद लेखन सम्बन्धमा देखापरेका ती कमीकमजोरी निराकरणका उपाय पहिल्याउनु रहेका छन्। मुख्य रूपमा क्षेत्रीय विधिलाई उपयोग गरिएको उक्त शोधमा ६० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । उक्त शोधमा निजी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको राम्रो रहेको र छात्र भन्दा छात्राहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ।

जैसी (२०७४) द्वारा *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य भएको पाईन्छ । उक्त शोधको उद्देश्य सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा वादविवाद लेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गर्नु रहेका छन् । सर्वेक्षणात्मक विधिका पक्षहरूको उपयोग गरिएको उक्त शोधमा ६० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । यसमा सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको र छात्रहरूको तुलनामा छात्राहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ।

पोखरेल (२०७४) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनका उद्देश्यहरू झापा जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पहिल्याउनु, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा वादविवाद लेखन क्षमताको अवस्था पहिल्याउनु र संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पत्ता लगाउनु रहेका छन् । उक्त शोधपत्रमा क्षेत्रीय अध्ययन नमुनाका रूपमा झापा जिल्लाभित्र पर्ने पाँचवटा संस्थागत र पाँचवटा सामुदायिक विद्यालयका १०० जना विद्यार्थीहरूको प्रतिनिधि नमुना छनोट गरिएको छ । यसमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको र छात्रको तुलनामा छात्राहरूको वादविवाद लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

बुढाथोकी (२०७४) द्वारा *काभ्रे जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्य लेखन सिपसँग सम्बन्धित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बन्धित छ । उक्त शोधपत्रमा काभ्रे जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु , विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना गर्नु र लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको निबन्ध लेखन क्षमताको स्थिति पहिल्याउनु जस्ता उद्देश्य रहेका छन् । मुख्य रूपमा क्षेत्रीय विधिलाई उपयोग गरिएको उक्त शोधपत्रमा ६० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । प्रस्तुत अध्ययनको निष्कर्षमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता, छात्रहरूको भन्दा छात्राहरूको निबन्ध लेखन क्षमता र विमातृभाषी विद्यार्थीहरूको भन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो भएको पाइन्छ ।

नेपाल (२०७४) द्वारा *कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्य लेखन सिपसँग सम्बन्धित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बन्धित छ । उक्त शोधकार्यमा मोरङ जिल्ला विराटनगर महानगरपालिकाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमता पहिल्याउनु, लैङ्गिकताका दृष्टिले विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको पहिचान

गर्नु र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूमा विज्ञापन लेखन क्षमताको तुलना गर्नु जस्ता उद्देश्य रहेका छन् । मुख्य रूपमा क्षेत्रीय विधिलाई उपयोग गरिएको उक्त शोधमा ६० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । प्रस्तुत अध्ययनको निष्कर्षमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको विज्ञापन लेखन क्षमता राम्रो रहेको तर समग्र मोरङ जिल्लाको भने विज्ञापन लेखन क्षमता कमजोर रहेको पाइन्छ ।

के.सी. (२०७४) द्वारा *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्य लेखन सिपसँग सम्बन्धित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बन्धित छ । उक्त शोधमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु र सामुदायिक र संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु जस्ता उद्देश्यहरू रहेका छन् । मुख्य रूपमा क्षेत्रीय विधिलाई उपयोग गरिएको उक्त शोधमा ६० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । प्रस्तुत अध्ययनको निष्कर्षमा छात्रहरूको तुलनामा छात्राहरूको र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

साउँद (२०७५) द्वारा *बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्य लेखन सिपसँग सम्बन्धित भएकोले प्रस्तुत शोधकार्यसँग सम्बन्धित छ । उक्त अध्ययनका उद्देशहरू बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता पत्ता लगाउनु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमता पत्ता लगाउनु र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक स्थितिको अध्ययन गर्नु रहेका छन् । क्षेत्रीय विधिलाई उपयोग गरिएको उक्त शोधमा १०० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । प्रस्तुत अध्ययनको निष्कर्षमा समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यम रहेको, सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

उपर्युक्त पूर्वकार्यको समीक्षाबाट वादविवाद लेखन शीर्षकमा केन्द्रित भएर कस्ता कस्ता उद्देश्यहरू राखेर अनुसन्धान कार्य सम्पन्न भएका रहेछन्, ती अनुसन्धानबाट के निष्कर्ष निकालिएको रहेछ भन्ने कुराको ज्ञान हुनुका साथै वादविवाद लेखनका सैद्धान्तिक र व्यावहारिक कुराहरूको जानकारी प्राप्त गर्न र अध्ययनलाई सहज बनाउन सहयोग पुगेको छ । उक्त अध्ययनहरू केही जिल्लाहरूमा मात्र सीमित रहेकाले सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्ययन गरिएको देखिँदैन । तसर्थ दाङ जिल्लाका विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरी आवश्यक सुधारात्मक उपायहरू अपनाउन सहयोग पुग्ने भएकाले प्रस्तुत अध्ययन गर्नु उपयुक्त ठानी दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन शीर्षकमा अनुसन्धान कार्य गर्न लागिएको हो ।

## २.२ सैद्धान्तिक अवधारणा

भाषा विचार विनिमयको माध्यम हो । यो मानव मात्रको निजी पेवा हो र समाजद्वारा पिँढी दरपिँढी हुँदै प्राप्त हुने वस्तु हो । भाषा शिक्षण भाषिक सीपहरूको शिक्षण हो । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । यी सीपहरूमध्ये निबन्ध लेखाइ सीपअन्तर्गत पर्दछ । लेख्नु भनेको मनमा लागेका कुराहरूलाई लिपिबाट अभिव्यक्त गर्नु हो । लेखाइबाट आफ्ना अभिव्यक्तिहरू अरूसमक्ष पुऱ्याउने व्यक्ति सामान्य व्यक्तिभन्दा उच्च र मर्यादित हुन्छ । समाजका हरेक कार्यकलापहरू बोलाइबाट मात्र सम्भव हुँदैन । कतिपय कार्यहरू मौखिकभन्दा लिखित नै बढी भरपर्दो र विश्वसनीय हुन्छ त्यसैले सामान्यभन्दा सामान्य कामदेखि उच्चस्तरीय राष्ट्रिय-अन्तर्राष्ट्रिय कामकाजसम्म पनि लिखित रूपमा नै सञ्चालन भएको पाइन्छ ।

दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन शीर्षकको प्रस्तुत शोधकार्य तयार पार्ने क्रममा निम्नलिखित सैद्धान्तिक कुरालाई समावेश गरिएको छ :

### २.२.१ लेखनको परिचय

भाषा मानवीय र सामाजिक वस्तु हो । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सिप हुन्छन् । भाषाको सुनाइ र पढाइ ग्रहण सिपसँग सम्बन्धित छन् भने बोलाइ र

लेखाइ अभिव्यक्ति सिपसँग सम्बन्धित छन । भाषाको शिक्षण भनेको भाषाका चारओटै सिपको शिक्षण हो । भाषाका चार सिप एक आपसमा अन्तर्सम्बन्धित छन् ।

सुनेका, पढेका, देखेका र जानेका कुराहरूलाई लिपिचिह्नद्वारा अभिव्यक्त गर्ने भाषिक क्रियाकलापलाई लिखित अभिव्यक्ति भनिन्छ । भाषाका चार सिपमध्ये लेखाइ अन्तिम तर प्रभावकारी सिप हो । दिमागमा उब्जेका विचार उच्चारक अवयवद्वारा ध्वनि प्रतीकका माध्यमबाट प्रकटित हुन्छन । यसका लागि वक्ता र श्रोताको प्रत्यक्षीकरण आवश्यक हुन्छ । लेखाइमा लेखकलाई पाठक प्रत्यक्षीकरण आवश्यक हुँदैन पाठक श्रोताको अनुपस्थितिमा आफ्ना विचारलाई लिपिचिह्नद्वारा प्रस्तुत गर्ने उपायलाई लिखित अभिव्यक्ति भनिन्छ ।

मौखिक अभिव्यक्तिका तुलनामा लिखित अभिव्यक्तिमा सहजता स्वाभाविकता र भावनात्मकताको अभाव हुने भए पनि मान्छेको दिमागमा उठेका विचार, भावना र संवेगलाई सार्वजनिक गर्ने महत्त्वपूर्ण उपाय लिखित अभिव्यक्ति हो । मानवीय जीवनमा लिखित अभिव्यक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ ।

### २.२.२ लेखाइका प्रकार

लेखाइको प्रकृति, शैली र प्रयोजनका आधारमा लेखन ३ प्रकारका मानिन्छन् (पौडेल, २०७४, पृ. ६८)

#### (क) सामान्य लेखन

विद्यार्थीहरूलाई उनीहरूका विचार, भावना, अनुभव, आवश्यकता र विभिन्न घटनाहरूलाई अरूसमक्ष (लिपिबद्ध भाषिक सङ्केतका साहायताले) व्यक्त गर्न सक्ने क्षमता हासिल गराउनु नै सामान्य लेखन हो । सामान्य लिखित अभिव्यक्तिका माध्यमबाट दैनिक जीवनका आवश्यकता पूरा गरी सम्प्रेषणात्मक, सम्पादनात्मक र सिर्जनात्मक लेखनका लागि आधार तयार गरिन्छ ।

#### (ख) सम्पादनात्मक लेखन

व्यक्तिमा सम्पादनात्मक क्षमता विकास गरेर लेखनका माध्यमबाट जीवनमा स्वेच्छिक व्यवसाय वा पेसा अपनाई आत्मनिर्भर बनाउन यस प्रकारको लेखन कलाको विकास गरिन्छ । सम्पादनात्मक लेखनमा तथ्यपूर्ण जानकारी, तार्किकता, वस्तुपरकता,

बौद्धिकता प्रस्तुत हुन्छ । यस्तो लेखन विषयवस्तुको कुशल प्रतिपादन व्याख्या, उदाहरणीकरण, प्रश्नोत्तर, सुझाव, विवेचना, विश्लेषण आदिमा आधारित हुन्छन् ।

(ग) **साहित्यिक लेखन**

सिर्जनात्मक वा साहित्यिक प्रयोजन भएका लेखनमा व्यक्तिले वस्तुतथ्यलाई आफ्ना अनुभव, भावना, विचार र सोचाइ प्रक्रियासँग मुछेर विभिन्न शैली र शिल्पका माध्यमले पाठकको आस्वादनलाई मुख्य केन्द्रविन्दु बनाई समग्र अभिव्यक्तिका रूपमा प्रस्तुत गर्दछन् । त्यसैले सिर्जनात्मक लेखनको मुख्य उद्देश्य साहित्यिक विधि र उपविधामा आधारित वैयक्तिक भावना, विचार र शैलीमा आवद्ध उच्चस्तरीय, प्रभावकारी र आस्वादनीय लेखन कलाको विकास गर्नु हो ।

### २.२.३ लेखन कला शिक्षणको प्रयोजन

लेखन कला शिक्षणको प्रयोजन निम्नानुसार छन् :

१. लिखित माध्यमबाट विचारको विनिमय गर्न सक्षम बनाउन,

२. शारीरिक कमजोरीका कारण बोलेर विचार व्यक्त गर्न नसक्ने व्यक्तिको जीवनयापनलाई सरल, सहज र व्यावहारिक बनाउन,

३. कार्यालयीय कार्यलाई सहज र सुगम बनाउन,

४. अभिव्यक्तिमा स्तरीयता ल्याउन र सङ्क्षिप्तमा व्याप्ति दिन,

५. गहन चिन्तन र खरिएका विचारको सुरक्षा गर्दै तिनीहरूको प्रचारप्रसार गर्न,

६. सिर्जनात्मक वा साहित्यिक रचना गर्न प्रेरित गर्न आदि ।

### २.२.४ वादविवाद लेखन

भाषा मानवीय वस्तु हो । भाषाको प्रयोग व्यक्तिले विचार आदानप्रदान गर्नका लागि गर्दछ । भाषा शिक्षणमा भाषाको शिक्षण नगरी भाषाका चार सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को शिक्षण गरिन्छ । भाषाका सुनाइ र पढाइ ग्रहण सिपसँग सम्बन्धित छन् भने लेखाइ र बोलाइ अभिव्यक्ति सिपसँग सम्बन्धित छन् ।

वादविवाद साहित्यको रूपक विधाअन्तर्गत पर्ने एक महत्त्वपूर्ण उपविधा हो । वादविवाद लेखन भाषाको अभिव्यक्ति सिपसँग सम्बन्धित छ । वादविवाद मौखिक अभिव्यक्ति अथवा वक्तृत्वकला विकासको उच्चस्तरीय एवम् महत्त्वपूर्ण क्रियाकलाप हो । तार्किक अभिव्यक्ति क्षमता उन्नयनका लागि उपयुक्त मानिने यस क्रियाकलापका माध्यमबाट अरूका कुरा ध्यानपूर्वक सुन्ने र त्यसलाई आलोचनात्मक दृष्टिले हेरी समर्थनात्मक अथवा खण्डनात्मक प्रक्रिया अपनाई प्रभावकारी रूपमा आफ्ना तार्किक अभिव्यक्ति प्रस्तुत गर्ने अवसर विद्यार्थीले प्राप्त गर्न सक्छन् (पौडेल, २०७०, पृ. १३६) । वादविवाद निर्धारित विषयको खण्डन मण्डनमा शिष्ट एवम् प्रभावकारी तर्कहरू पेस गरेर घतलाग्दो तरिकाले स्रोताहरूको मनमानसलाई समेत आनन्दित गर्दै उनीहरूको प्रशसा आर्जन गर्नमा कुशल बनेर व्यक्तित्व विकास गर्नमा यस्तो क्रियाकलापले विद्यार्थीहरूलाई सहयोग गरेको हुन्छ । वादविवादलाई औपचारिक र अनौपचारिक दुवै ढङ्गले सञ्चालन गर्न सकिन्छ तर कक्षा कार्यकलापमा भने अनौपचारिक ढङ्गले प्रभावकारी उपयोग गरी कथ्य अभिव्यक्ति तथा बौद्धिक, मानसिक, संवेगात्मक तथा तार्किक क्षमताको विकास जस्ता महत्त्वपूर्ण उपलब्धि हासिल गराउन सकिन्छ । वादविवादले विद्यार्थीहरूको तार्किक क्षमतामा वृद्धि गराई बोलाइमा प्रभावकारिता ल्याउँछ । वादविवाद संवाद जस्तै भए तापनि यसमा हार्दिकता कम हुन्छ । बढी तार्किक र बौद्धिक किसिमको हुन्छ । वादविवाद भाषाको मौखिक कलासँग सम्बन्धित पक्ष हो तर परीक्षामा यसको मूल्याङ्कन लिखित रूपमै हुन्छ । वादविवाद लेखाउँदा वा वाचन गराउँदा विद्यार्थीलाई निश्चित समयसीमा, निर्णायक मण्डल, अङ्क विभाजनका बारेमा राम्रोसँग जानकारी दिनु पर्दछ ।

### २.२.५ वादविवाद लेख्दा ध्यान दिनुपर्ने कुराहरू

१. वादविवादको उपयुक्त शीर्षक दिने

२. आफूले लेख्नु पर्ने विषयको पक्ष र विपक्षमा आउन सक्ने महत्त्वपूर्ण बुँदाहरू तयार पार्ने

३. तयार पारिएका बुँदाहरूलाई क्रम मिलाएर राख्ने

४. औपचारिक रूपमा सभापति, निर्णायक मण्डल, गुरुहरू तथा उपस्थित साथीहरूलाई सम्बोधन गरेर लेख्ने

५. समयलाई ध्यान दिदै प्रथम पुरुष शैलीमा पहिले आफ्नो पक्षमा लेख्ने र त्यस तर्फका तर्कहरू प्रस्तुत गर्ने

६. विपक्षीले प्रस्तुत गरेका तर्कहरूको कल्पना गरी उक्त तर्कलाई काट्ने ढङ्गबाट आफ्ना गहकिला तर्कहरूको प्रयोग गर्दै घतलाग्दो उदाहरण दिने

७. वादविवादमा सहभागीले प्रयोग गर्ने हाउभाउ, मुखमुद्रा आदिको सङ्केत कोष्ठमा दिने

८. निष्कर्षको रूपमा आफ्ना विषयका तर्फबाट बलियो तर्क पेश गर्दै सबैलाई धन्यवाद दिएर (घन्टी बज्छ) लाई कोष्ठमा राख्ने र समाप्त गर्ने (लामिछाने, २०६७, पृ. ९५) ।

## २.२.६ वादविवादको संरचना

आफ्ना पक्षको समर्थन र विपक्षका तर्कहरूको खण्डन मण्डन गर्नु नै वादविवाद हो । कुनै पनि रचनाको संरचना हुन्छ । त्यसैगरी वादविवाद लेखन पनि आदि, मध्य र अन्त्यको संरचनामा रहेको हुन्छ (भट्टराई र ढुङ्गेल, २०७१, पृ. ३६४) । वादविवाद लेखनको आदि, मध्य र अन्त्यको संरचनालाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :

**आदि भाग:-** वादविवादको आदि भागमा वादविवादमा उपस्थित व्यक्तिहरू, सभापति, निर्णायक मण्डल, गुरुवर्ग र साथीहरूलाई सम्बोधन गरिन्छ । आदि भागमा आफूले विषयको पक्ष वा विपक्षका तर्कबाट विचार व्यक्त गर्न लागेको हो त्यसको जानकारी गराइन्छ ।

**मध्य भाग :-** वादविवाद लेखन गर्दा मध्य भागमा वादविवादको विषयको बारेमा जानकारी गराइन्छ । मध्य भागमा आफ्ना पक्षका विचारलाई समर्थन गर्दै विपक्षी मित्रको विचारलाई खण्डनमण्डन गर्दै गहकिला तर्क प्रस्तुत गरिन्छ । वादविवादमा सहभागीले प्रयोग गर्ने हाउभाउ, मुखमुद्रा आदि सङ्केत कोष्ठकमा दिइन्छ र आफ्नो विषयको बारेमा उदाहरणहरू प्रस्तुत गरिन्छ ।

**अन्त्य भाग:-** मध्य भागमा लेखिएका कुराहरूलाई सिलसिला मिलाएर निष्कर्ष निकालिन्छ । आफ्नो विषयका तर्फबाट बलियो तर्क पेश गर्दै सबैलाई धन्यवाद दिएर आफ्ना भनाइ टुङ्ग्याइन्छ ।

### २.२.७ वादविवाद शिक्षणको प्रयोजन

सवै विधाका आ-आफ्नै किसिमका शिक्षण प्रयोजन रहेका हुन्छन् त्यस्तै गरी विद्यालय तहमा पनि वादविवाद शिक्षणको आफ्नै प्रयोजन रहेको छ जुन निम्नानुसार छन् :

१. सामान्यतः भाषाका ग्रहण र अभिव्यक्ति सिपको प्रभावकारी उन्नयन गर्नु

२. भाषेतर पक्षहरूको यथोचित उपयोग गरेर बौद्धिक र तार्किक कथ्य अभिव्यक्ति क्षमताको अभिवृद्धि गर्नु

३. औपचारिक र स्तरीय भाषामा शिष्ट ढङ्गले आफ्ना विचारहरूको मण्डन गर्ने क्षमताको विकास गर्नु

४. विपक्षीका भनाइ र मण्डनलाई शिष्ट र प्रभावकारी उदाहरणद्वारा खण्डन वा विमति जनाउने कथन कलाको विकास गर्नु

५. कुनै पनि विषयमा गहिरिएर सोच्ने, अध्ययन गर्ने र त्यसको बुलन्द प्रस्तुति गर्ने सिप विकासमा मद्दत गर्नु

६. श्रोताको स्तर, रुचि र सम्प्रेषण क्षमतालाई ख्याल गरी बोल्ने र आफ्नो कुराले प्रभावित गर्न सक्ने क्षमताको विकास गर्नु

७. आवश्यकताअनुसारका भाषातात्त्विक अभ्यास र सिप विकासमा मद्दत गर्नु

८. कथन कला र क्षमताअनुरूपको उपयुक्त, शुद्ध र मानक अभिव्यक्ति शैलीमा वादविवाद रचना सिप विकास गर्नु र

९. तार्किक, बौद्धिक अभिव्यक्ति क्षमता विकासका माध्यमले आत्म सन्तुष्टि दिलाई व्यक्तित्व विकासमा मद्दत गर्नु, आदि (पौडेल, २०७०, पृ. १५) ।

### २.२.८ वादविवाद शिक्षणका प्रक्रिया

वादविवाद शिक्षण गर्दा सर्वप्रथम वादविवादसम्बन्धी विषयको परिचय दिने, सामान्य प्रयोजन अनुरूपका श्रुतिबोध, उच्चारण, सस्वर पठन, शब्दार्थ निवारण र शब्द प्रयोग अभ्यास, मौनपठन, पठनबोध, विशिष्ट पङ्क्तिको व्याख्या, भाव विस्तार र विविध भाषातात्त्विक अभ्यासहरू आवश्यकताअनुसार गराउन सकिन्छ । त्यसपछि आघातमूलक तथा हाउभाउपूर्ण बुलन्द कथन कला अपनाई पात्रीय भूमिकामा वादविवाद पढ्न लगाउने,

गृहकार्यका रूपमा पाठलाई गहन रूपमा पढ्न लगाएर छनोट वा गोलाप्रथाद्वारा पात्रीय भूमिका खेली निर्धारित समय भित्र आफ्नो पक्षको मण्डन र विपक्षको खण्डन गर्न लगाउने, कक्षामै औपचारिक रूप दिएर उद्घोषक, सभापति, निर्णायक, समय सूचक र पक्ष विपक्षको छनोट गरेर वादविवाद कार्यकलाप सञ्चालन गर्ने, सभापतिद्वारा समन्वयात्मक मन्तव्य सहित पुरस्कारको व्यवस्था गर्ने, वादविवाद कार्यक्रमलाई सहकार्यकलापको रूप दिएर विद्यालय कार्यक्रम र अन्तर्विद्यालय कार्यक्रमका रूपमा पाठ्यपुस्तक बाहेकका स्तरयुक्त विषयमा प्रतियोगिता सञ्चालन गर्ने, गृहकार्यका रूपमा लिखित अभ्यास गराउने र स्वतन्त्र ढङ्गका वादविवाद रचना गर्न प्रेरित गर्ने जस्ता कार्यकलापहरू क्रमशः गराएमा राम्रो हुन्छ । उपर्युक्त कार्यकलापका साथै आवश्यकताअनुसारका नमुना सामग्री, सन्दर्भ सामग्री र शिक्षण सामग्रीहरूको यथोचित उपयोग गर्नमा ध्यान दिनु आवश्यक देखिन्छ (पौडेल, २०७०, पृ. १६) ।

भाषा विचार आदान प्रदान गर्ने मानवीय वस्तु हो । भाषाकै कारण मानिसको जीवन सञ्चालन सहज भएको छ । भाषाका ग्रहण र अभिव्यक्ति गरी दुई रूप हुन्छन् । ग्रहण भित्र सुनाइ र पढाइ पर्दछन् भने अभिव्यक्तिभित्र बोलाइ र लेखाइ पर्दछन् ।

लेखाइ सिप विकासका विभिन्न कार्यकलापअन्तर्गत वादविवाद लेखन पनि एउटा महत्त्वपूर्ण कार्यकलाप हो वादविवाद खास गरेर बोलाइ सिपसँग सम्बन्धित भए पनि लेखाइ सिपसँग पनि यसको नजिकको सम्बन्ध रहेको छ । वादविवादका आधारभूत पक्षभित्र विषयवस्तु, भाषाशैली र प्रस्तुति पर्दछन् । त्यस्तै गरी वादविवाद आदि, मध्य र अन्त्य गरी तीन संरचनामा आधारित हुन्छ । वादविवादले विद्यार्थीहरूको तार्किक क्षमतामा वृद्धि गराई बोलाइमा प्रभावकारिता ल्याउँछ । वादविवाद लेखनबाट विद्यार्थीहरूमा लेखन सिपको पनि विकास गर्न सकिन्छ ।

# अध्याय तीन

# अध्ययन विधि तथा प्रक्रिया

## ३.१ अध्ययन ढाँचा

यस अध्ययनमा गुणात्मक र परिमाणात्मक अर्थात् मिश्रित ढाँचाको उपयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या

प्रस्तुत अध्ययनमा शैक्षिक सत्र २०७५ मा दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३.३ प्रतिनिधि नमुना छनोट

प्रतिनिधि नमुना छनोटका लागि दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालय रहेका छन् । उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट फरक फरक वर्ग, लिङ्ग, भाषिक पृष्ठभूमि तथा समावेशी ढङ्गबाट क्रमशः छात्र छात्रा गरी प्रत्येक विद्यालयबाट १० जनाका दरले १०० जना विद्यार्थीहरूको छनोट गरिएको छ । प्रस्तुत अध्ययनमा समावेश भएका १० वटा विद्यालयका १०० जना छात्र/छात्राहरू प्रस्तुत अध्ययनका लागि प्रतिनिधि नमुनाका रूपमा रहेका छन् ।

## ३.४ सामग्री निर्माण

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययन विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्य सङ्कलन गर्नुपर्ने प्रकृतिका भएकाले परीक्षणका लागि प्रश्नपत्र निर्माण गरिएको छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा आधारित रहेर वादविवादको शीर्षक छनोट गरिएको छ । विद्यार्थीहरूको उत्तरपुस्तिका मापनका लागि पूर्णाङ्कको आधार स्तम्भ यसरी तय गरिएको छ :

| | |
|---|---|
| सम्बोधन र विषय प्रवेश | ५ |
| विषयवस्तुको तर्कपूर्ण प्रस्तुति र मूल्याङ्कन | १० |
| खण्डनमण्डन | ५ |
| भाषिक शुद्धता र निष्कर्ष | ५ |
| जम्मा | २५ |

### ३.४.२ द्वितीय स्रोत

द्वितीय स्रोतका रूपमा कक्षा आठको नेपाली पाठ्यपुस्तक, पाठ्यपुस्तकका पाठ्यक्रम र यसै विषयसँग सम्बन्धित पूर्व शोधग्रन्थहरू, शोधनिर्देशकबाट लिइएका सुझावहरू तथा पुस्तकालयीय अध्ययनलाई लिइएको छ ।

## ३.५ पूर्वपरीक्षण

वादविवादको शीर्षकलाई अनुसन्धानको लागि निर्धारित जनसङ्ख्यामाथि परीक्षण गर्नुपूर्व शीर्षक उपयुक्त छ कि छैन भनेर थाहा पाउनका लागि १० जना विद्यार्थीहरूलाई तीनओटा शीर्षकमा वादविवाद लेख्न लगाइएको छ । उक्त तयार गरिएको शीर्षकलाई शोधनिर्देशन विषय विशेषज्ञ र शिक्षकको परामर्शमा आवश्यक परिमार्जनसहित अन्तिम रूप दिइएको छ । परीक्षणका लागि तयार पारिएका वादविवादका शीर्षकहरू निम्न थिए :

(क) धनभन्दा विद्या ठूलो

(ख) तरबारभन्दा कलम बलियो

(ग) विज्ञान अभिशाप होइन, वरदान हो

यी तीनओटा शीर्षकमा विद्यार्थीहरूलाई वादविवाद लेख्न लगाउँदा विज्ञान अभिशाप होइन, वरदान हो र तरबार भन्दा कलम बलियो शीर्षकमा वादविवाद लेखन अत्यन्त कमजोर देखियो तर धनभन्दा विद्या ठूलो शीर्षकमा भने वादविवाद लेखन ठिकै देखियो त्यसकारण धनभन्दा विद्या ठूलो शीर्षकलाई अनुसन्धानका लागि छनोट गरियो ।

## ३.६ तथ्याङ्क सङ्कलन

यस शोधकार्यका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएका विद्यालयहरूका कक्षा आठ समूहका पर्ने गरी छनोट गरिएको छ । छनोट भएका विद्यार्थीहरूलाई आवश्यक निर्देशन पश्चात् विषय शीर्षक दिँदै समय सीमा तोकिएको छ । प्र.अ.को स्वीकृतिमा विषय शिक्षक र स्वयमको उपस्थितिमा वादविवाद लेखन कार्य मिति २०७५ माघ ७ गते सम्पन्न गरी उत्तर पुस्तिकालाई आँकलन गरिएको छ ।

## ३.७ प्रस्तुतीकरण विश्लेषण र प्रक्रिया

तथ्याङ्क सङ्कलनका क्रममा वादविवादमा अङ्कित गरिएका प्राप्ताङ्कलाई विद्यालयको प्रकृति र लिङ्गगत आधारमा समूहगत रूपमा वर्गीकरण गरी तालिकाबद्ध गरिएको छ र तथ्याङ्क विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालिएको छ र प्रतिनिधि नमुनाको रूपमा समाविष्ट विद्यार्थीहरूमध्ये मध्यमानभन्दा कति प्रतिशत माथि र तल छन् भनेर गणना गरिएको छ । विभिन्न समूहको मापन गर्न पनि त्यही प्रक्रिया अँगालिएको छ । समग्र तथा समूहगत रूपमा मानक विचलन निकाली तथ्याङ्क विश्लेषणमा सरलता ल्याउने प्रयास गरिएको छ । त्यसरी नै प्राप्ताङ्कका आधारमा विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी गणना गरिएको छ । यसका साथै समग्र मध्यमानका आधारमा विभिन्न चलहरूका बिच वादविवाद लेखन क्षमताको स्थिति अवलोकन गरिएको छ ।

प्रस्तुत अध्ययनमा समाविष्ट बिभिन्न चलहरू समूहगत मध्यमान, मानक विचलन तथा तथ्याङ्क प्रतिशताङ्क श्रेणी निर्धारणको आधारमा विद्यार्थीको वादविवादलेखन क्षमताको पहिचान गरिएको छ । प्रस्तुत अध्ययनमा उपयोगमा ल्याइने साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार रहेका छन् :

(क) **प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

(ख) **मध्यमान**

$$\overline{X} = \frac{\Sigma X}{N}$$

$\overline{X}$ = मध्यमाान

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

(ग) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

$\sigma$ = मानक विचलन

$\Sigma X^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

परीक्षणबाट प्राप्त नतिजालाई तालिकीकरण गरी प्रतिशताङ्क, मध्यमानका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । यसरी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतलाई १९ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने अति निम्न, २०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने निम्न, ४०-५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने मध्यम, ६०-७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने उत्तम र ८० भन्दा माथि अङ्क प्राप्त गर्ने अत्युत्तम श्रेणीमा राखिएको छ । यस आधारमार परीक्षणबाट प्राप्त प्राप्ताङ्कलाई तालिकीकरण, चित्र र प्रतिशताङ्कमा विश्लेषण गरिएको छ ।

# अध्याय चार

## समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन

### ४.१ पृष्ठभूमि

प्रस्तुत अध्याय जनसङ्ख्या छनोटमा परेका दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको व्याख्या तथा विश्लेषणमा केन्द्रित छ । यस शोध अध्ययनका लागि छनोटमा परेका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका ५० छात्रा र ५० छात्र गरी जम्मा १०० जना विद्यार्थीहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिलाई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । उक्त तथ्याङ्कलाई विभिन्न उपशीर्षकहरूमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

### ४.२ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा छनोट गरिएका १०० जना विद्यार्थीहरूलाई आधार मानी प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्कलाई तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी यस प्रकार विश्लेषण गरिएको छ ।


तालिका ४.१

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क

| विद्यार्थी सङ्ख्या | १ देखि १९ सम्म | | २० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| १०० | १ | १ | २७ | २७ | ४० | ४० | ३० | ३० | २ | २ |

चित्र ४.१

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भचित्रमा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका १०० जना विद्यार्थीहरूको सङ्ख्यालाई पाँच श्रेणीमा विभाजन गरिएको छ । जसमा ०-१९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू १ प्रतिशत, २०-३९ सम्म अङ्क ल्याउने विद्यार्थीहरू २७ प्रतिशत, ४० - ५९ सम्म अङ्क ल्याउने विद्यार्थीहरू ४० प्रतिशत, ६०-७९ सम्म अङ्क ल्याउने विद्यार्थीहरू ३० प्रतिशत र ८० भन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरू २ प्रतिशत देखिन्छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्न स्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू २८ प्रतिशत र मध्यमस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू ४० प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्चस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू ३० प्रतिशत रहेका छन् भने अति उच्चस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू २ प्रतिशत रहेको पाइन्छ ।

## ४.३ मध्यमान र मानक विचलनको आधारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

यस क्रममा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा पनि गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्कलाई यसप्रकार तालिकीकरण गरी विश्लेषण गरिएको छ :

तालिका ४.२


**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.सं. | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १२.०८ | ४८.३२ | ४.३५ | ५१ | ५१ | ४९ | ४९ |

तालिका ४.२ मा मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति देखाइएको छ । यस तथ्याङ्कलाई हेर्दा १०० जना विद्यार्थीहरूको मध्यमान १२.०८ रहेको छ । विद्यार्थीको औसत प्रतिशत ४८.३२ देखिन्छ । औसत प्रतिशत ५० प्रतिशतभन्दा कम देखिएको कारण विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कमजोर देखिन्छ । समग्र मानक विचलन ४.३५ देखिएको कारण प्राप्ताङ्क मध्यमानको नजिक देखिन्छ । यसर्थ विद्यार्थीहरूको प्राप्ताङ्कमा समानता पाउन सकिन्छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी ४९ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी मध्यमानभन्दा तल अङ्क ल्याउने ५१ प्रतिशत रहेकाले समग्रमा मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी रहेको देखिन्छ । त्यसकारण विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कमजोर रहेको पाइन्छ ।

चित्र - ४.२

मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क




यसरी हेर्दा मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्याभन्दा बढी भएको कारण समग्रमा दाङ जिल्लाको कक्षा आठमा पढ्ने विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कमजोर रहेको पाइन्छ ।

# अध्याय पाँच

# विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन

## ५.१ पृष्ठभूमि

यस अध्यायमा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ । अत : यहाँ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको सुरुमा छुट्टाछुट्टै र त्यसपछि ती विद्यार्थीहरूका वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ ।

## ५.२ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

यस उपशीर्षकमा सामुदायिक विद्यालयका ५० विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । उक्त विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका ५.१

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क

| विद्यार्थी सङ्ख्या | १ देखि १९ सम्म | | २० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | १ | २ | १८ | ३६ | २२ | ४४ | ९ | १८ | ० | ० |

चित्र -५.१

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भचित्रमा प्रतिनिधि नमुना छनोटमा परेका ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क प्रस्तुत गरिएको छ । यस आधारमा अध्ययन गर्दा ०-१९ सम्म अङ्क ल्याउने विद्यार्थीहरू २ प्रतिशत २०-३९ सम्म अङ्क ल्याउने विद्यार्थीहरू ३६ प्रतिशत, ४०-५९ सम्म अङ्क ल्याउने विद्यार्थीहरू ४४ प्रतिशत, ६०- ७९ सम्म अङ्क ल्याउने विद्यार्थीहरू १८ प्रतिशत र ८० भन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरू ० रहेको पाइयो ।

यस तथ्याङ्कलाई हेर्दा निम्नस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू ३८ प्रतिशत र मध्यमस्तरको वादविवाद लेखन क्षमता भएका ४४ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्च स्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू १८ प्रतिशत रहेका छन् भने अति उच्चस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू शून्य रहेको पाइन्छ ।

## ५.३ मध्यमान र मानक लिचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

यस उपशीर्षकमा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको मध्यमान र मानक विचलनलाई तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका - ५.२

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.सं. | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १०.६ | ४२.४ | ३.८ | २६ | ५२ | २४ | ४८ |

चित्र - ५.२

मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क



यसरी मध्यमानभन्दा माथि वादविवाद लेखन क्षमता भएका विद्यार्थी ४८ प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा तल ५२ प्रतिशत रहेकाले विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कमजोर रहेको मान्न सकिन्छ ।

## ५.४ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

यस उपशीर्षकमा संस्थागत विद्यालयका ५० विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका ५.३

संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क

| विद्यार्थी सङ्ख्या | १ देखि १९ सम्म | | २० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | ० | ० | ९ | १८ | १९ | ३८ | २० | ४० | २ | ४ |

चित्र ५.३

संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क



प्रस्तुत तालिका र स्तम्भचित्रमा प्रतिनिधि नमुना छनोटमा परेका ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क प्रस्तुत गरिएको छ । यस आधारमा अध्ययन गर्दा १-१९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ०, २०-३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू १८ प्रतिशत, ४०-५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ३८ प्रतिशत, ६०-७९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४० प्रतिशत र ८० देखि बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ४ प्रतिशत रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्नस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू १८ प्रतिशत र मध्यमस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरूका ३८ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्चस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू ४० प्रतिशत रहेको पाइन्छ भने अति उच्चस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू ४ प्रतिशत रहेको पाइन्छ ।

## ५.५ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५.४

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क**


| कुल वि.सं. | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १३.५६ | ५४.२४ | ४.५६ | २८ | ५६ | २२ | ४४ |

तालिका ७ मा दाङ जिल्लाका कक्षा आठमा अध्ययनर विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १३.५६ आएको छ । संस्थागत विद्यालयका विद्यार्थीको औसत प्रतिशत ५४.२४ देखिन्छ । ५० प्रतिशतभन्दा बढी देखिएको कारण विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो देखिन्छ र समग्र मानक विचलन ४.५६ देखिएको कारण विद्यार्थीहरूको

प्राप्ताङ्कहरू मध्यमानको नजिक देखिन्छ । यसर्थ विद्यार्थीहरूको प्राप्ताङ्कमा समानता पाउन सकिन्छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू ५६ प्रतिशत रहेको छ भने मध्यमानभन्दा तल ४४ प्रतिशत रहेको छ । जसबाट संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको पाइयो ।

चित्र ५.४

**मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता**




माथिको स्तम्भ चित्रलाई हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ४८ प्रतिशत र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ५२ प्रतिशत रहेको छ ।

## ५.६ प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना

यस उपशीर्षकमा प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । यहाँ सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक तथ्याङ्कलाई तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका - ५.५

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क

| विद्यार्थी सङ्ख्या | १ देखि १९ सम्म | | २० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| समुदायिक ५० | १ | २ | १८ | ३६ | २२ | ४४ | ९ | १८ | ० | ० |
| संस्थागत ५० | ० | ० | ९ | १८ | १९ | ३८ | २० | ४० | २ | ४ |

चित्र ५.५

प्रतिशतका आधारमा समुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भ चित्रमा ०-१९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू २ प्रतिशत रहेको पाइन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरू शून्य रहेको पाइन्छ त्यस्तै गरी २० देखि ३९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू ३६ प्रतिशत रहेको पाइन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरू १८ प्रतिशत रहेको पाइन्छ । त्यस्तै गरी ४०-५९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू ४४ प्रतिशत रहेको पाइन्छ

भने संस्थागत विद्यालयका विद्यार्थीहरू ३८ प्रतिशत रहेको पाइन्छ । त्यस्तै गरी ६०-७९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू १८ प्रतिशत रहेको पाइन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरू ४० प्रतिशत रहेको पाइन्छ । त्यस्तै गरी ८० भन्दा माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यलायका विद्यार्थीहरू ० रहेको पाइन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरू ४ प्रतिशत रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू ८२ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरूक ५६ प्रतिशत देखिनुले सामुदायिक विद्यालयका विद्यार्थीरुको वादविवाद लेखन क्षमताको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता केही राम्रो रहेको देखिन्छ । त्यस्तै उच्च र अति उच्च स्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू १८ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ४० प्रतिशत रहेको देखिनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्तर राम्रो रहेको देखिन्छ ।

## ५.७ मध्यमान र मानक विलचनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना

यस उपशीर्षकमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलन आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्कलाई तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका ५.६

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क

| विद्यालयको प्रकृति | मध्यमान | प्रतिशत | मानक विचलन |
|---|---|---|---|
| सामुदायिक | १०.६ | ४२.४ | ३.८८ |
| संस्थागत | १३.५६ | ५४.२४ | ४.५६ |

चित्र ५.६

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत तालिका र स्तम्भ चित्रअनुसार समग्र विद्यार्थीहरूको सङ्ख्या १०० रहेकोमा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको वादविवाद लेखन क्षताको मध्यमान ४२.४ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ५४.२४ रहेको छ। सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको देखाइएको मध्यमानलाई आधार मानेर हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमानभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ११.८४ ले बढी पाइएकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता केही राम्रो रहेको पाइन्छ। त्यस्तै सामुदायिक तर्फका विद्यार्थीहरूको मानक विचलन ३.८८ रहेको देखिन्छ भने संस्थागत तर्कको मानक विचलन ४.५६ रहेको छ । यसरी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन ०.६८ अङ्कले कम पाइनुले संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्याललयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको पाइन्छ।

# अध्याय छ

# लैङ्गिकताको आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन

## ६.१ पृष्ठभूमि

यस अध्ययनमा लैङ्गिकताका आधारमा दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका गरी ५० जना छात्र र ५० जना छात्राहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ । यस क्रममा सुरूमा छात्र र छात्राको छुट्टाछुट्टै अध्ययन गरिसकेपछि अन्त्यमा वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययनसमेत गरिएको छ । उनीहरूको वादविवाद लेखन क्षमताको अध्ययनलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ६.२ प्रतिशतका आधारमा छात्रहरूको वादविवाद लेखन क्षमता

यस उपशीर्षकका ५० जना छात्रहरूको वादविवाद लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ छात्राहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी यसप्रका विश्लेषण गरिएको छ :


तालिका ६.१

प्रतिशतका आधारमा छात्रहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क

| विद्यार्थी सङ्ख्या | १ देखि १९ सम्म | | २० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | १ | २ | १८ | ३६ | १६ | ३२ | १४ | २८ | १ | २ |

चित्र ६.१

प्रतिशतका आधारमा छात्रहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भचित्रको तथ्याङ्क अनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना छात्रहरूको वादविवाद लेखन क्षमताको अध्ययन गर्दा ० देखि १९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरू २ प्रतिशत, २० देखि ३९ सम्म अङ्क प्राप्त गर्न छात्रहरू ३६ प्रतिशत ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने ३२ प्रतिशत, ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने २८ प्रतिशत र ८० भन्दा बढी अङ्क प्राप्त गर्ने छात्रहरू २ प्रतिशत रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा ३८ प्रतिशत छात्रहरूले ४० भन्दा कम अङ्क प्राप्त गरेको हुँदा उनीहरूलाई निम्न स्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थी त्यसै गरी ३२ प्रतिशत छात्रहरूलाई मध्यमस्तरको, २८ प्रतिशत छात्रहरूलाई उच्चस्तरको र २ प्रतिशतलाई अतिउच्च स्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थी मान्न सकिन्छ ।

## ६.३ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको वादविवाद लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्रहरूको वादविवाद लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । मध्यमान र मानक

विचलनका आधारमा छात्रहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका ६.२**


**मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.सं. | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ११.६८ | ४६.७२ | ४.७ | २२ | ४४ | २८ | ५६ |

तालिका १२ मा दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत नमुना छनोटमा परेका छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४६.७२ प्रतिशत देखिन्छ । त्यस्तै गरी छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको मानक विचलन ४.७० रहेको पाइन्छ । मध्यमानलाई आधार मानि हेर्दा मध्यमानभन्दा कम क्षमता भएका छात्रहरू ४४ प्रतिशत र मध्यमानभन्दा बढी वादविवाद लेखन क्षमता भएका ५६ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या भन्दा बढी भएको कारण छात्रहरूको वादविवाद लेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

**चित्र ६.२**

**मध्यमानका आधारमा छात्रहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क**



माथिको स्तम्भचित्रलाई हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ५६ प्रतिशत र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ४४ प्रतिशत रहेको पाइन्छ।

## ६.४ प्रतिशतका आधारमा छात्राहरूको वादविवाद लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्राहरूको वादविवाद लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ। यहाँ छात्राहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिका र स्तम्भ चित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका ६.३

प्रतिशतका आधारमा छात्राहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क

| विद्यार्थी सङ्ख्या | १ देखि १९ सम्म | | २० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | ० | ० | ९ | १८ | २४ | ४८ | ४६ | ३२ | १ | २ |

चित्र : ६.३

प्रतिशतका आधारमा छात्राहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क



प्रस्तुत तालिका र स्तम्भचित्र अनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना छात्राहरूका वादविवाद लेखन क्षमताको अध्ययन गर्दा ०-१९ सम्म अङ्क प्राप्त गर्ने ०, २०-३९ सम्म अङ्क प्राप्त गर्ने १८ प्रतिशत, ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने ४८ प्रतिशत, ६०-७९ सम्म अङ्क प्राप्त गर्ने ३२ प्रतिशत र ८० भन्दा माथि अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या २ प्रतिशत रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्न स्तरको वादविवाद लेखन क्षमता भएका छात्रा विद्यार्थीहरू २८ प्रतिशत र मध्यमस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू ४८ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी उच्चस्तरको वादविवाद लेखन क्षमता भएका छात्रा विद्यार्थीहरू ३२ प्रतिशत रहेका छन् भने अति उच्चस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू २ प्रतिशत रहेको पाइन्छ ।

## ६.५ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा छात्राहरूको वादविवाद लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६.४


**मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.सं. | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १२.४८ | ४९.९२ | ३.९३ | २५ | ५० | २५ | ५० |

तालिका १३ मा ५० जना छात्राहरूको वादविवाद लेखन क्षमताको मध्यमान ४९.९२ प्रतिशत रहेको छ भने मानक विचलन ३.९३ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने छात्राहरू ५० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने छात्राहरू पनि ५० प्रतिशत रहेको कारण मध्यमानका आधारमा छात्राहरूको वादविवाद लेखन क्षमता मध्यम खालको रहेको पाइयो ।

चित्र ६.४

मध्यमानका आधारमा छात्राहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क




माथिको स्तम्भचित्रलाई हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या ५०/५० रहेको पाइयो ।

## ६.६ प्रतिशतका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना

यस उपशीर्षकमा छात्र र छात्राहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यहाँ छात्र र छात्राहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्कलाई तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी विश्लेषण गरिएको छ :


**तालिका ६.५**

**प्रतिशतका आधारमा छात्र र छात्राहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क**

| विद्यार्थी सङ्ख्या | १ देखि १९ सम्म | | २० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| छात्र ५० | १ | २ | १८ | ३६ | १६ | ३२ | १४ | २८ | १ | २ |
| छात्रा ५० | ० | ० | ९ | १८ | २४ | ४८ | ४६ | ३२ | १ | २ |

चित्र ६.५

प्रतिशतका आधारमा छात्र र छात्राहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भ चित्रअनुसार छात्र र छात्राको वादविवाद लेखन क्षमतालाई प्रतिशतका आधारमा तुलनात्मक अध्ययन गरिएको छ । ० देखि १९ सम्म अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या २ प्रतिशत र छात्रा ०, २० देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्र ३६ प्रतिशत र छात्रा १८ प्रतिशत, ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्र ३२ प्रतिशत र छात्रा ४८ प्रतिशत, ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने छात्र २८ प्रतिशत र छात्रा ३२ प्रतिशत रहेका छन र त्यस्तै गरी ८० भन्दा बढी अङ्क प्राप्त गर्ने छात्र २ प्रतिशत र छात्रा पनि २ प्रतिशत रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ७० प्रतिशत र छात्राहरू ६६ प्रतिशत रहेकाले छात्रको वादविवाद लेखन क्षमताको तुलनामा छात्राका वादविवाद लेखन क्षमता राम्रो रहेको देखिन्छ । त्यस्तै उच्च र अति उच्च स्तरको अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ३० प्रतिशत रहेको देखिन्छ भने छात्राहरू ३४ प्रतिशत रहेको देखिन्छ । यस आधारमा छात्रको वादविवाद लेखन क्षमताको तुलनामा छात्राको वादविवाद लेखन क्षमता राम्रो रहेको देखिन्छ । यसरी छात्र र छात्राहरूको वादविवाद लेखन क्षमताको तुलनामा छात्राहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.७ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन

यस उपशीर्षकमा छात्र र छात्राहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विलचनका आधारमा छात्र र छात्राहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यस प्रकार विश्लेषण गरिएको छ :


तालिका - ६.६

**मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रारुको वादविवाद लेखन क्षमताको तथ्याङ्क**

| लैङ्गिकता | मध्यमान सङ्ख्या | प्रतिशत | मानक विचलन |
|---|---|---|---|
| छात्र | ११.६८ | ४६.७२ | ४.७० |
| छात्रा | १२.४८ | ४९.९२ | ३.९३ |

चित्र ६.६

**मध्यमान र मानक विचलनका आधारमा छात्रा र छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क**



प्रस्तुत तालिका र स्तम्भ चित्रअनुसार समग्र विद्यार्थीहरूको सङ्ख्या १०० रहेकोमा ५० जना छात्र विद्यार्थीहरूको मध्यमान ४६.७२ प्रतिशत रहेको छ भने छात्रा विद्यार्थीहरूको मध्यमान ४९.९२ प्रतिशत रहेको छ । छात्र र छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको देखाइएको मध्यमानलाई आधार मानेर हेर्दा छात्रहरूको मध्यमानभन्दा छात्राहरूको मध्यमान ३.२ दशमलवले बढी पाइएकाले छात्रको भन्दा छात्राको वादविवाद लेखन क्षमता राम्रो रहेको पाइन्छ । त्यस्तै गरी छात्र विद्यार्थीहरूको मानकविचलन ४.७० रहेको देखिन्छ भने छात्राहरूको मानक विचलन ३.९३ रहेको देखिन्छ । छात्र र छात्राहरूको वादविवाद लेखन क्षमताको मानक विचलन हेर्दा छात्राहरूको ०.७७ अङ्कले कम देखिएको छ । यस आधारमा हेर्दा छात्रभन्दा छात्राले प्राप्त गरेको अङ्क मध्यमानबाट नजिक रहेको पाइन्छ ।

# अध्याय– सात

# भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

## ७.१ पृष्ठभूमि

यस अध्यायमा भाषिक पृष्ठभूमिको आधारमा दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा ५०/५० जना नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूलाई प्रतिनिधिको रूपमा नमुना छनोट गरिएको छ । यहाँ सुरुमा ती छुट्टाछुट्टै प्रकृतिका विद्यार्थीहरूको अध्ययन समेत गरिएको छ । यस आधारमा उनीहरूको वादविवाद लेखन क्षमतालाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ७.२ प्रतिशतका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

यस उपशीर्षकमा ५० जना नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका ७.१

प्रतिशतका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क

| कुल विद्यार्थी सङ्ख्या | १ देखि १९ सम्म | | २० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | १ | २ | ८ | १६ | १७ | ३४ | २२ | ४४ | २ | ४ |

चित्र ७.१

प्रतिशतका आधारमा नेपाली मातृभाषा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भचित्रमा प्रतिनिधि नमुना छनोटमा परेका ५० जना नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क प्रस्तुत गरिएको छ । यस आधारमा अध्ययन गर्दा १-१९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २ प्रतिशत, २०-३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू १६ प्रतिशत, ४०-५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ३४ प्रतिशत, ४०-७९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ४४ प्रतिशत र ८० भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ४ प्रतिशत रहेको पाइयो ।

यस तथ्याङ्कलाई हेर्दा निम्नस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू १८ प्रतिशत र मध्यमस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू ३४ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्चस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू ४४ प्रतिशत रहेका छन् भने अति उच्चस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू ४ प्रतिशत रहेको पाइन्छ ।

## ७.३ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

यस उपशीर्षकमा नेपाली मातृभाषी ५० जना विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ ।

तालिका ७.२


मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क

| कुल वि.सं. | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १३.५६ | ५४.२४ | ४.३८ | २८ | ५६ | २२ | ४४ |

प्रस्तुत तालिका १८ मा मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता देखाइएको छ । यसमा दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत ५० जना नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखनमा प्राप्ताङ्कको मध्यमान ५४.२४ प्रतिशत देखिएको छ भने मानक विचलन ४.३८ रहेको छ । ५० प्रतिशतभन्दा कम मध्यमान देखिएकाले नेपाली मातृभाषी विद्यार्थीको वादविवाद लेखन क्षमता कमजोर देखिन्छ ।

चित्र. ७.२

मध्यमानका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता




यसरी मध्यमानभन्दा माथि वादविवाद लेखन क्षमता भएका नेपाली मातृभाषी विद्यार्थीहरू ५६ प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा तल ४४ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको प्रतिशत मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको प्रतिशत भन्दा बढी भएको कारण नेपाली मातृभााषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको पाउन सकिन्छ ।

## ७.४ प्रतिशतका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

यस उपशीर्षकका ५० जना अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमतानको अध्ययन विश्लेषण गरिएको छ । यहाँ अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका ७.३

प्रतिशतका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क

| कुल विद्यार्थी सङ्ख्या | १ देखि १९ सम्म | | २० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | ० | ० | १९ | ३८ | २४ | ४८ | ६ | १२ | १ | २ |

चित्र ७.३

प्रतिशतका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भ चित्रमा प्रतिनिधि नमुना छनोटमा परेका ५० जना अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क प्रस्तुत गरिएको छ । यस आधारमा अध्ययन गर्दा ०-१९ सम्म अङ्क ल्याउने विद्यार्थीहरू शून्य, २०-३९ सम्म अङ्क ल्याउने विद्यार्थीहरू ३८ प्रतिशत, ४०-५९ सम्म अङ्क ल्याउने विद्यार्थीहरू ४८ प्रतिशत, ६०-७९ सम्म अङ्क ल्याउने विद्यार्थीहरू १२ प्रतिशत र ८० भन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरू २ प्रतिशत रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्नस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू ३८ प्रतिशत मध्यम स्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू ४८ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी उच्चस्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू १२ प्रतिशत रहेका छन् भने अति उच्च स्तरको वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू २ प्रतिशत रहेको पाइन्छ ।

## ७.५ मध्यमान र मानक विचलनका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क

यस उपशीर्षकमा नेपाली मातृभाषी ५० जना विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ ।

तालिका ७.४


**मध्यमान र मानक विचलनका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.सं. | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १०.६ | ४२.४ | ३.७८ | १५ | ३० | ३५ | ७० |

तालिका १९ मा मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता देखाइएको छ । यसमा अन्य मातृभाषी विद्यार्थीहरूको मध्यमान ४२.४ प्रतिशत र मानक विचलन ३.७८ रहेको पाइन्छ । त्यसैगरी मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने अन्य मातृभाषी विद्यार्थीहरू ३० प्रतिशत रहेका छन् भने मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने अन्य मातृभाषी विद्यार्थीहरू ७० प्रतिशत रहेका छन् । मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूभन्दा मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी भएको कारण अन्य मातृभाषी विद्यार्थीहरूको वादविावद लेखन क्षमता कमजोर रहेको पाइन्छ ।

चित्र ७.४

मध्यमानका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत स्तम्भचित्रमा अन्य मातृभाषी विद्यार्थीहरूमध्ये मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरू ३० प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरू ७० प्रतिशत रहेको पाइन्छ ।

## ७.६ प्रतिशतका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना

यस उपशीर्षकमा प्रतिशतका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको र अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक तथ्याङ्कलाई तालिका र स्तम्भत्रिमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका ७.५

प्रतिशतका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना

| भाषाको प्रकृति | १ देखि १९ सम्म | | २० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | स | प्र | स | प्र | स | प्र | स | प्र |
| नेपाली मातृभाषी | १ | २ | ८ | १६ | १७ | ३४ | २२ | ४४ | २ | ४ |
| अन्य मातृभाषी | ० | ० | १९ | ३८ | २४ | ४८ | ६ | १२ | १ | २ |

चित्र ७.५

प्रतिशतका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क



प्रस्तुत तालिका र स्तम्भचित्रमा ०-१९ सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरू २ प्रतिशत रहेको पाइन्छ भने अन्य मातृभाषी विद्यार्थीहरूले २० भन्दा कम अङ्क प्राप्त गरेका छैनन् । त्यसै गरी २०-३९ सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरू १६ प्रतिशत रहेको पाइन्छ भने अन्य मातृभाषी विद्यार्थीहरू ३८ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी ४० -५९ सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरू ३४ प्रतिशत रहेको पाइन्छ भने अन्य मातृभाषी विद्यार्थीहरू ४८ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी ६०-७९ सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरू ४४ प्रतिशत रहेको पाइन्छ भने अन्य मातृभाषी विद्यार्थीहरू १२ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी ८० भन्दा माथि अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरू ४ प्रतिशत रहेको पाइन्छ भने अन्य मातृभाषी विद्यार्थीहरू २ प्रतिशत रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थी ५२ प्रतिशत र अन्य मातृभाषी ८६ प्रतिशत देखिनुले अन्य मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता केही राम्रो रहेको देखिन्छ । त्यस्तै उच्च अतिउच्च स्तरको अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरू ४८ प्रतिशत र अन्य मातृभाषी विद्यार्थीहरू १४ प्रतिशत रहेको देखिनुले अन्य मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ७.७ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना

यस उपशीर्षकमा नेपाली भातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्कलाई तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी यसप्रका विश्लेषण गरिएको छ :


तालिका ७.६

**मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क**

| लैङ्गिकता | मध्यमान सङ्ख्या | प्रतिशत | मानक विचलन |
|---|---|---|---|
| नेपाली भाषा | १३.५६ | ५२.३२ | ४.३८ |
| अन्य भाषा | १०.६ | ५०.०८ | ३.७८ |

चित्र - ७.६

**मध्यमान र मानक विचलनका आधारमा नेपाली नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत तालिका र स्तम्भ चित्रअनुसार नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको मध्यमान ५४.२४ रहेको पाइन्छ भने अन्य मातृभाषी विद्यार्थीहरूको मध्यमान ४२.४ रहेको पाइन्छ । नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमान अन्य मातृभाषी विद्यार्थीहरूको मध्यमानभन्दा बढी रहेकोले नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता तुलनात्मक रूपमा अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता भन्दा

राम्रो रहेको पाइन्छ । त्यस्तै नेपाली मातृभाषी विद्यार्थीहरूको मानक विचलन ४.३८ रहेको पाइन्छ भने अन्य मातृभाषी विद्यार्थीहरूको मानक विचलन ३.७८ रहेको पाइन्छ । यसरी हेर्दा मानक विचलनका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको मानक विचलन नेपाली मातृभाषी विद्यार्थीहरूको मानक विचलन भन्दा ०.६ अङ्कले कम पाइनुले नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

# अध्याय आठ

# सारांश, निष्कर्ष र उपयोगिता

## ८.१ सारांश

भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइ सिप एउटा महत्त्वपूर्ण सिप हो । विद्यार्थीहरूमा शुद्ध र स्तरीय भाषा प्रयोग गर्नका लागि लेखाइ सिपले उल्लेखनीय भूमिका खेल्दछ । वादविवाद लेखन, लेखन कला सिपको उच्च स्तरीय सिपअन्तर्गत पर्दछ । त्यसैले विद्यालय तहमा विद्यार्थीहरूको लेखन सिपको विकास गर्नका लागि वादविवाद लेखनको आवश्यकता पर्दछ ।

यस अध्ययनमा प्रस्तुत शोधकार्यलाई, पहिलो, दोस्रो, तेस्रो, चौँथो, पाँचौ, छैठौं, सातौ र आठौं गरी जम्मा आठ अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

अध्याय एकमा शोधको परिचय र यसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधकार्यको उद्देश्य, सान्दर्भिक र उपयोगिता, अध्ययनको सीमाङ्कन आदि पर्दछन् ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणालाई समेटिएको छ । यसअन्तर्गत वादविवादको परिचय, परिभाषा, वादविवाद लेख्दा ध्यान दिनुपर्ने कुराहरू, वादविवाद लेखनको भूमिका, वादविवाद शिक्षणको प्रयोजन, वादविवाद शिक्षणको आवश्यकता र महत्त्व र वादविवाद लेखनका क्रियाकलापहरू समेटिएका छन् ।

अध्याय तिनमा शोधविधि र प्रक्रियालाई राखिएको छ । जसअन्तर्गत शोधविधिमा क्षेत्रीय अध्ययन विधि, जनसङ्ख्या, नमुना छनोट, त्यसैगरी सामग्री सङ्कलनका स्रोतहरू, तथ्याङ्क सङ्कलन र विश्लेषण र शोधपत्रको रूपरेखालाई समेटिएको छ ।

अध्याय चारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्याय, प्राप्ताङ्कका आधारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिलाई प्रस्तुत गरिएको छ ।

अध्याय पाँचअन्तर्गत विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा

विद्यार्थीहरूको वादिववाद लेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिलाई तुलनातमक रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

अध्याय छमा लैङ्गिकताको आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

अध्याय सातमा भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा नेपाली मातृभाषी हुने र अन्य मातृभाषी हुने विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति, मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

अध्याय आठअन्तर्गत सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

समग्रमा हेर्दा विद्यार्थीहरूले वादविवाद लेखनका क्रममा आदि, मध्य र अन्त्यको ढाँचामा मिलाएर लेख्न नजानेको देखियो । भाषाशैली राम्रो भए तापनि विद्यार्थीहरूको भाषिक शुद्धताको पनि कमजोरी देखियो । त्यस्तैगरी तर्क वितर्क गर्ने क्षमताको पनि कमी देखियो । त्यसैले विद्यार्थीहरूमा देखिएको यस्ता कमजोरीहरू हटाई लेखनकला सिपको उच्च स्तरीय विकासको लागि वादविवाद लेखनका अभ्यास गराउनु अनिवार्य मानिन्छ । विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क, मध्यमान, मानक विचलन र प्रतिशतको आधारमा हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको पाइयो । त्यसैगरी लैङ्गिकताको आधारमा विद्याथीहरूको वादविवाद लेखन क्षमताको तुलना गर्दा छात्रहरूको तुलनामा छात्राहरूको वादविवाद लेखन क्षमता उच्च रहेको देखिन्छ । त्यस्तैगरी भाषिक पृष्ठभूमिका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको भन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको पाइयो ।

## ८.२ निष्कर्ष

मौखिक भाषाको दाँजोमा भाषाको लिखित रूपलाई शैक्षिक गतिविधि तथा प्रशासनिक कामकाजमा बढी प्रयोग प्रचलनमा ल्याइन्छ । मानवीय ज्ञान तथा अनुभलाई संगठित गर्न तथा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा फैलाउन र सम्प्रेषण योग्य बनाउनको लागि भाषाको लिखित रूपको उल्लेखनीय भूमिका रहेको छ । त्यसैले विद्यालय तहमा विद्यार्थीहरूको लेखन सिपको विकास गराउनको लागि वादविवाद लेखनको आवश्यक पर्दछ । यहाँ दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययनबाट निम्नलिखित निष्कर्ष निकालिएको छ :

- विद्यार्थीहरूमा वादविवाद लेखन क्षमताको विकास गराउने क्रममा विद्यालयमा वादविवाद लेखनको अभ्यास प्रशस्त मात्रामा नगराइएको पाइयो ।
- वादविवाद लेखनका क्रममा विद्यार्थीहरूमा वादविवाद लेखनका विधि र प्रक्रियाबारे राम्रो ज्ञान नभएको पाइयो ।
- वादविवाद लेखनमा विद्यार्थीहरूले प्रयोग गरेको भाषाशैली मध्यम स्तरको देखियो भने भाषिक शुद्धतामा कमजोर स्थिति देखियो ।
- सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको पाइयो ।
- विद्यालयमा हुने अतिरिक्त क्रियाकलापका रूपमा वादविवाद लेखनलाई नसमेटिएको पाइयो ।
- कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यम खालको देखिन्छ ।
- वादविवाद लेखनका क्रममा विद्यार्थीहरूको भाषाशैली ठिकै भए पनि भाषिक शुद्धतामा भने कमजोर देखिन्छ ।
- समग्रताका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको मूल्याङ्कन गर्दा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १२.०८ रहेको छ । मध्यमनभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४९ जना अर्थात् ४९

प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५१ जना अर्थात् ५१ प्रतिशत रहेको छ ।

- लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको मूल्याङ्कन गर्दा छात्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ११.६८ र छात्रा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १२.४८ रहेको छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्रको सङ्ख्या २८ अर्थात् ५६ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने छात्रको सङ्ख्या २२ अर्थात् ४४ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्राहरूको सङ्ख्या २५ जना अर्थात् ५० प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने छात्राहरू २५ अर्थात् ५० प्रतिशत रहेको देखिन्छ । प्रस्तुत तथ्याङ्कको आधारमा छात्रहरूको तुलनामा छात्राहरूको वादविवाद लेखन क्षमता उच्च रहेको देखिन्छ ।

- विद्यालय प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमन १०.६ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान १३.५६ रहेको छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिशत २४.४८ रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरू ५२ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी संस्थागत विद्यालयको मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी ५६ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरू ४४ प्रतिशत रहेको देखिन्छ । अतः माथिको नतिजाको आधारमा विश्लेषण गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको वादविवाद लेखन क्षमता उच्च रहेको देखिन्छ ।

- त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली मातृभाषी हुने विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान १३.५६ रहेको छ भने अन्य मातृभाषी हुने विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान १०.६ रहेको छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने नेपाली मातृभाषी विद्यार्थीहरू ५६ प्रतिशत रहेको देखिन्छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरू४४ प्रतिशत रहेको

देखिन्छ । त्यसैगरी मध्यमानभन्द्या बढी अङ्क ल्याउने अन्य मातृभाषी विद्यार्थीहरू ५४ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी ४६ प्रतिशत रहेको देखिन्छ । अतः माथिको नतिजाको आधारमा विश्लेषण गर्दा अन्य मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उच्च रहेको देखिन्छ ।

यसरी सम्पूर्ण कुराहरूलाई सूक्ष्म विश्लेषण गरेर हेर्दा दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमतामा एकरूपता पाइँदैन । त्यसैले विद्यार्थीहरूमा लेखन सिप विकास गराउनुका साथै तार्किक र बौद्धिक क्षमताको विकास गराउनका लागि विद्यालयमा वादविवाद लेखनको प्रशस्त मात्रामा अभ्यास गराउनुपर्ने देखिन्छ ।

## ८.३ उपयोगिता

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै किसिमको महत्त्व र उपयोगिता रहेको हुन्छ । त्यसैले प्रस्तुत अध्ययन स्थानीय परिवेशबाट राष्ट्रिय स्तरसम्म महत्त्वपूर्ण हुन सक्छ । तसर्थ दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको शोध अध्ययनलाई नीतिगत र प्रयोगगत उपयोगिता गरी छुट्टाछुट्टै उल्लेख गर्नु उपयुक्त हुन्छ ।

### ८.३.१ नीतिगत तह

प्रस्तुत शोधको नीतिगत उपयोगिताहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

- प्रस्तुत शोधपत्रको अध्ययनबाट निम्न माध्यमिक तहको भाषा पाठ्यक्रममा समावेश गरिने भाषिक सिपका उद्देश्य पूरा हुने गरी विधागत तथा क्षेत्र निर्धारण गर्न सहयोग पुऱ्याउने छ ।
- यस अध्ययनले वादविवाद लेखन क्षमतासँग सम्बन्धित अन्य लेखन क्षमताको अध्ययन अनुसन्धान गर्न सहयोग पुऱ्याउने छ ।
- नेपाली भाषा पाठ्यक्रम निर्माण गर्दा परिष्कार र परिमार्जन गर्न सहयोग पुऱ्याउनेछ ।
- भावी दिनहरूमा वादविवाद लेखन सम्बन्धी अध्ययन अनुसन्धान गर्न सहयोग मिल्ने छ ।

- दाङ जिल्लाका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको पहिचान गर्न सहयोग पुग्नेछ ।
- यस अध्ययनले विद्यालय तहमा वादविवाद शिक्षणको महत्त्व बारेमा प्रष्ट पार्नेछ ।
- लेखाइ क्षमताको मूल्याङ्कन गर्न सहयोग गर्नेछ ।
- यस अध्ययनबाट विद्यार्थीहरूको वादविवाद लेखनमा पात्र, स्थान, समय, विषय प्रवेश, विषयवस्तुको तर्कपूर्ण प्रस्तुति, मौलिकता आदिका बारेमा बोध गराउनेछ ।
- भाषिक सिपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न भावी अध्येतालाई सहयोग गर्नेछ ।
- विद्यालय तहमा नेपाली भाषा शिक्षण गर्दा विषय शिक्षकले अपनाउनुपर्ने भाषिक सचेतताको बारेमा प्रस्तुत अध्ययनले स्पष्ट पार्नेछ ।

### ८.३.२ प्रयोगात्मक तह

प्रस्तुत शोधको प्रयोगगत तहमा उपयोगिताहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

- शिक्षकलाई पेसागत रूपमा सक्षम बनाई विद्यार्थीहरूलाई पृष्ठपोषण दिन,
- वादविवाद लेखनका लागि आवश्यक पर्ने शिक्षण विधि र प्रक्रियाको छनोट गर्न,
- लेखन सिपका सम्बन्धमा देखिएका कमीकमजोरी निराकरणका लागि आवश्यक सुझाव दिन,
- विद्यार्थीहरूको स्तर, क्षमता र उमेरअनुसार तार्किक र बौद्धिक लेखन क्षमताको विकास गर्न,
- विद्यालयमा हुने अतिरिक्त क्रियाकलापका रूपमा वादविवादलाई समेट्न
- वादविवाद लेखन र वादविवाद शिक्षणको आवश्यकता र महत्त्वबारे जानकारी प्रदान गर्न ।

- विद्यार्थीहरूको चाहना, रुचि र आवश्यकतालाई ध्यान दिई भाषा शिक्षणका कार्यकलाप सञ्चालन गर्नमा यस अध्ययनले सहयोग पुऱ्याउँछ ।

## ८.४ सुझावहरू

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गर्न सकिन्छ :

- प्रारम्भिक तहदेखि नै लेखनकला सुधारका लागि विद्यार्थीहरूको तह, रुचि र स्तर सुहाउँदा विषयमा वादविवाद लेखनको अभ्यासका लागि भाषा पाठ्यपुस्तकको अभ्यास खण्डमा लेखाइ सिपलाई विशेष रूपमा समावेश गरिनु पर्दछ ।
- विद्यार्थीहरूलाई वादविवाद लेखनमा सबल बनाउनका लागि प्रारम्भिक तहदेखि नै लेखन शिक्षणलाई पनि विशेष जोड दिने खालका पाठ्यपुस्तक छनोट गरिनु पर्दछ ।
- आवश्यक शैक्षिक योग्यता पुगेका तालिम प्राप्त शिक्षकबाट मात्र नेपाली विषय पठनपाठन गराउनु पर्दछ ।
- वादविवाद लेखन सिपको विकासका लागि कक्षा स्तरीय विद्यालय स्तरीय तथा जिल्लास्तरीय खालकै वादविवाद प्रतियोगिताको आयोजना समय समयमा गरिनु पर्दछ ।
- वादविवाद लेखन तरिकालाई प्रमुख रूपमा लिएर विद्यार्थीहरूमा वादविवाद लेखन शैलीका बारेमा सिकाउनु पर्ने अपरिहार्य आवश्यकता रहेको छ ।
- विद्यार्थीहरूलाई केबल भाषा पाठ्यपुस्तकमा मात्र केन्द्रित नगराई समय-परिस्थिति र सन्दर्भअनुकूलका सामग्रीहरू जस्तैः विभिन्न पत्रपत्रिका, लेखरचना, विभिन्न सन्दर्भ सामग्रहिरू, सहायक पाठ्यपुस्तक पनि उपलब्ध गराउनु पर्दछ ।
- विद्यालयमा रहेका विषय शिक्षकहरूले विद्यार्थीहरूमा वादविवाद लेखन क्षमताको अभिवृद्धिका लागि विभिन्न शीर्षकहरू दिई वादविवाद लेखनको अभ्यास गराउनुपर्छ ।

- विद्यार्थीहरूमा वादविवाद लेखनको आवश्यकता र प्रयोजनको स्पष्ट पारिदिनुपर्दछ ।
- भाषा पाठ्यपुस्तकमा लिखित अभिव्यक्तिमा अभ्यास हुने खालका नमुना अभ्यास राख्नुपर्दछ ।

वादविवाद लेखनका सन्दर्भमा विद्यार्थीहरूलाई शुद्ध लेखन गराउनका लागि विद्यार्थीकेन्द्रित शिक्षण विधि अपनाउनु पर्दछ । शुद्धता र स्पष्टतामा जोड दिएर विद्यार्थीको रुचि र आवश्यकताअनुसारको विधि प्रयोग गर्नुपर्दछ । पाठ्यक्रम, पाठ्यपुस्तक, समय परिस्थिति स्थान, अवस्थाअनुसार व्यवस्थित रूपमा परिष्कार तथा परिमार्जन गर्नु आवश्यक देखिन्छ ।

## ८.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

(क) कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सूचनालेखन क्षमताको अध्ययन

(ख) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन

(ग) कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन

(घ) कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन

(ङ) कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन

(च) कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको श्रद्धाञ्जली लेखन क्षमताको अध्ययन

## सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन ।

के.सी., मालती (२०७४), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङकाय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, पेशल (२०७३), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

जैसी, जुनाकुमारी *(२०७४), कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०७५), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

नेपाल, कौशिला (२०७४), *कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल, सरिता (२०७४), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोख्रेल, चन्द्रप्रसाद (२०६९), *कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०क), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०७०ख), *भाषिक विधा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक प्रकाशन ।

बुढाथोकी, प्रमिला (२०७४), *काभ्रे जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर

भट्टराई, डी.पी. र ढुङ्गेल, डिल्लीराम (२०७५), *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

साउँद, जानकी कुमारी *(२०७५), बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट (क)

## अध्ययनका क्रममा छनोटमा परेका विद्यालयको नामावली

सामुदायिक विद्यालय

१. जनकल्याण माध्यमिक विद्यालय, दुधरास, दाङ

२. जनता संस्कृत माध्यमिक विद्यालय, विजौरी, दाङ

३. नवोदय बालकल्याण आधारभूत विद्यालय, दक्षिण अम्राई, दाङ

४. माध्यमिक विद्यालय, कालाखोला, दाङ

५. सिद्ध रत्ननाथ नमुना माध्यमिक विद्यालय, नारायणपुर, दाङ

संस्थागत विद्यालय

१. अमर इङ्लिस स्कुल, कालाखोला, दाङ

२. ग्रेट बुद्ध एकेडेमी स्कुल, नारायणपुर, दाङ

३. न्यु स्टार इङ्लिस सेकेन्डरी स्कुल, तुलसीपुर, दाङ

४. हाम्रो पहुँच सेकेन्डरी स्कुल, तुलसीपुर, दाङ

५. ज्ञान ज्योति सेकेन्डरी स्कुल, तुलसीपुर, दाङ

## परिशिष्ट (ख)

## छनोटमा परेका विद्यालय र विद्यार्थीहरूको नामावली

**सामुदायिक विद्यालय**

| क्र.सं. | विद्यार्थीको नाम | X | $\overline{X}$ | $(X-\overline{X})$ | $(X-\overline{X})^2$ |
|---|---|---|---|---|---|
| १ | अस्मिता चौधरी | १० | १०.६ | -०.६ | ०.३६ |
| २ | अनिसा चौधरी | ११ | १०.६ | ०.४ | ०.१६ |
| ३ | अमिता चौधरी | १५ | १०.६ | ४.४ | १९.४ |
| ४ | गुरास चौधरी | १७ | १०.६ | ६.४ | ४१ |
| ५ | पूर्णिमा चौधरी | ११ | १०.६ | ०.४ | ०.१६ |
| ६ | प्रतीक्षा गौतम | १० | १०.६ | -०.६ | ०.३६ |
| ७ | सविना चौधरी | ७ | १०.६ | -३.६ | १३ |
| ८ | सुस्मिता चौधरी | ५ | १०.६ | -५.६ | ३१.४ |
| ९ | पुष्पा चौधरी | ८ | १०.६ | -२.६ | ६.७६ |
| १० | सोनु चौधरी | ११ | १०.६ | ०.४ | ०.१६ |
| ११ | सरिता चौधरी | १३ | १०.६ | २.४ | ५.७६ |
| १२ | प्रतिभा चौधरी | ६ | १०.६ | -४.६ | २१.२ |
| १३ | पुष्पा वि.क. | ६ | १०.६ | -४.६ | २१.२ |
| १४ | हिमानी खनाल | १० | १०.६ | -०.६ | ०.३६ |
| १५ | सपना बुढाथोकी | ६ | १०.६ | -४.६ | २१.२ |
| १६ | मेनुका नेपाली | १३ | १०.६ | २.४ | ५.७६ |
| १७ | सुस्मा भुसाल | १० | १०.६ | -०.६ | ०.३६ |
| १८ | सिर्जना भुसाल | ११ | १०.६ | ०.४ | ०.१६ |
| १९ | विना पोखेल | १६ | १०.६ | ५.४ | २९.२ |
| २० | सुसिला भुसाल | १३ | १०.६ | २.४ | ५.७६ |
| २१ | पुजा पाण्डे | १४ | १०.६ | ३.४ | ११.६ |
| २२ | विपना चौधरी | १० | १०.६ | -०.६ | ०.३६ |
| २३ | अञ्जना चौधरी | १५ | १०.६ | ४.४ | १९.४ |
| २४ | सरिता चौधरी | १० | १०.६ | -०.६ | ०.३६ |
| २५ | प्रतिभा गौतम | १३ | १०.६ | २.४ | ५.७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | अनिल चौधरी | १४ | १०.६ | ३.४ | ११.६ |
| २७ | निराजन चौधरी | ८ | १०.६ | –२.६ | ६.७६ |
| २८ | आशिष चौधरी | १६ | १०.६ | ५.४ | २९.२ |
| २९ | सुरेश चौधरी | १५ | १०.६ | ४.४ | १९.४ |
| ३० | निर्मल चौधरी | १४ | १०.६ | ३.४ | ११.६ |
| ३१ | सन्तोष वि.क. | ६ | १०.६ | –४.६ | २१.२ |
| ३२ | प्रकाश वली | ७ | १०.६ | –३.६ | १३ |
| ३३ | प्रकाश चौधरी | ७ | १०.६ | –३.६ | १३ |
| ३४ | खगेन्द्र नपाली | ५ | १०.६ | –५.६ | ३१.४ |
| ३५ | अनिष नेपाली | ५ | १०.६ | –५.६ | ३१.४ |
| ३६ | सुनिल न्यापाने | ८ | १०.६ | –२.६ | ६.७६ |
| ३७ | निर्मल चौधरी | ६ | १०.६ | –४.६ | २१.२ |
| ३८ | सुदिप चौधरी | ६ | १०.६ | –४.६ | २१.२ |
| ३९ | संजिव चौधरी | ६ | १०.६ | –४.६ | २१.२ |
| ४० | सुनिल वि.क. | ४ | १०.६ | –६.६ | ४३.६ |
| ४१ | सिसम पौडेल | १८ | १०.६ | ७.४ | ५४.८ |
| ४२ | मनोज थापा | १७ | १०.६ | ६.४ | ४१ |
| ४३ | हिमाल पोखल | ९ | १०.६ | -१.६ | २.५६ |
| ४४ | सिताराम खड्का | १६ | १०.६ | ५.४ | २९.२ |
| ४५ | हेमराज भण्डारी | १६ | १०.६ | ५.४ | २९.२ |
| ४६ | दिपक भण्डारी | १२ | १०.६ | १.४ | १.९६ |
| ४७ | कमल चौधरी | १३ | १०.६ | २.४ | ५.७६ |
| ४८ | निराजन चौधरी | १२ | १०.६ | १.४ | १.९६ |
| ४९ | प्रकाश बुढामगर | ७ | १०.६ | –३.६ | १३ |
| ५० | सन्देश थापामगर | १२ | १०.६ | १.४ | १.९६ |
| | | ५३० | | | ७४४ |

## संस्थागत विद्यालय

| क.सं. | विद्यार्थीको नाम | X | $\overline{X}$ | $(X-\overline{X})$ | $(X-\overline{X})^2$ |
|---|---|---|---|---|---|
| १ | ममता रावत | १८ | १२.१ | ५.९२ | ३५ |
| २ | झरना पुन मगर | २० | १२.१ | ७.९२ | ६२.७ |
| ३ | अनिषा वि.क. | १६ | १२.१ | ३.९२ | १५.४ |
| ४ | वर्षा के.सी. | १० | १२.१ | -२.०८ | ४.३३ |
| ५ | सञ्जिता मगर | १४ | १२.१ | १.९२ | ३.६९ |
| ६ | सुस्मिता चौधरी | १२ | १२.१ | -०.०८ | ०.०१ |
| ७ | सरिष्मा चौधरी | १५ | १२.१ | २.९२ | ८.५३ |
| ८ | लक्ष्मी चौधरी | १३ | १२.१ | ०.९२ | ०.८५ |
| ९ | सुनिता बली | १६ | १२.१ | ३.९२ | १५.४ |
| १० | रमा वली | ११ | १२.१ | -१.०८ | १.१७ |
| ११ | रक्षा वली | १७ | १२.१ | ४.९२ | २४.२ |
| १२ | निसा चापागाई | १७ | १२.१ | ४.९२ | २४.२ |
| १३ | विनिता सुनार | १२ | १२.१ | -०.०८ | ०.०१ |
| १४ | निर्मला के.सी. | १३ | १२.१ | ०.९२ | ०.८५ |
| १५ | कोमल पोखेल | १७ | १२.१ | ४.९२ | २४.२ |
| १६ | सुदिक्षा के.सी | १६ | १२.१ | ३.९२ | १५.४ |
| १७ | निर्मला डागी | १९ | १२.१ | ६.९२ | ४७.९ |
| १८ | मुना पोखेल | १८ | १२.१ | ५.९२ | ३५ |
| १९ | सपना आचार्य | १८ | १२.१ | ५.९२ | ३५ |
| २० | समीक्षा पौडेल | १९ | १२.१ | ६.९२ | ४७.९ |
| २१ | टीका चौधरी | ११ | १२.१ | -१.०८ | १.१७ |
| २२ | तिर्सना चौधरी | १० | १२.१ | -२.०८ | ४.३३ |
| २३ | माधवी चौधरी | ८ | १२.१ | -४.०८ | १६.६ |
| २४ | अञ्जना चौधरी | ७ | १२.१ | -५.०८ | २५.८ |
| २५ | सर्मिला चौधरी | ६ | १२.१ | -६.०८ | ३७ |
| २६ | रोनक वली | १७ | १२.१ | ४.९२ | २४.२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | निरज खनाल | १४ | १२.१ | १.९२ | ३.६९ |
| २८ | ऋषिराज चौधरी | ८ | १२.१ | -४.०८ | १६.६ |
| २९ | सुशिल चौधरी | ११ | १२.१ | -१.०८ | १.१७ |
| ३० | सुदिप चौधरी | ११ | १२.१ | -१.०८ | १.१७ |
| ३१ | निसान वली | १४ | १२.१ | १.९२ | ३.६९ |
| ३२ | दिपेन्द्र वि.एम. | १५ | १२.१ | २.९२ | ८.५३ |
| ३३ | हेमराज चौधरी | १२ | १२.१ | -०.०८ | ०.०१ |
| ३४ | सन्देश मगर | १४ | १२.१ | १.९२ | ३.६९ |
| ३५ | सिजन पौडेल | १६ | १२.१ | ३.९२ | १५.४ |
| ३६ | जय खनाल | १४ | १२.१ | १.९२ | ३.६९ |
| ३७ | गणेश के.सी. | १० | १२.१ | -२.०८ | ४.३३ |
| ३८ | सुनिल चौधरी | १३ | १२.१ | ०.९२ | ०.८५ |
| ३९ | दिलिप पाण्डे | १३ | १२.१ | ०.९२ | ०.८५ |
| ४० | सन्दिप मगर | १९ | १२.१ | ६.९२ | ४७.९ |
| ४१ | प्रशान्त पराजुली | १९ | १२.१ | ६.९२ | ४७.९ |
| ४२ | निसान चापागाई | १८ | १२.१ | ५.९२ | ३५ |
| ४३ | सन्देश सुवेदी | २० | १२.१ | ७.९२ | ६२.७ |
| ४४ | महेष के.सं | १९ | १२.१ | ६.९२ | ४७.९ |
| ४५ | सन्दीप थापा | १८ | १२.१ | ५.९२ | ३५ |
| ४६ | मनिष चौधरी | ५ | १२.१ | -७.०८ | ५०.१ |
| ४७ | निराजन चौधरी | ८ | १२.१ | -४.०८ | १६.६ |
| ४८ | रविन चौधरी | ५ | १२.१ | -७.०८ | ५०.१ |
| ४९ | ललित चौधरी | ५ | १२.१ | -७.०८ | ५०.१ |
| ५० | मोहन घर्ति मगर | ७ | १२.१ | -५.०८ | २५.८ |
| | | ६७८ | | | १०४३.८४ |

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | प्रतीक्षा गौतम |
| ठेगाना | : | विजयनगर-२, प्यूठान |
| बुवाको नाम | : | मधुसुधन गौतम |
| आमाको नाम | : | पार्वता गौतम |
| नागरिक | : | नेपाली |
| लिङ्ग | : | महिला |
| तह | : | स्नातकोत्तर तह (एम.एड.) |
| सम्पर्क नं. | : | ९८६९२३०६३३ |

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष |
|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | मुक्ति माध्यमिक विद्यालय, प्यूठान | २०६६ |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | जनता मा.वि., प्यूठान | २०६९ |
| स्नातक तह (बी.एड.) | एक्टिव एकेडेमी क्याम्पस, काठमाडौं | २०७२ |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७५ |